# स्याङ्जा जिल्ला बिरुवा गाउँपालिकाका महिलाको शैक्षिक अवस्था र शिक्षाप्रतिको धारणा : एक समाजशास्त्रीय अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि कुमारवर्ती बहुमुखी क्याम्पसमा प्रस्तुत शोधपत्र


प्रस्तुतकर्ता

संगीता अधिकारी

सिम्बोल नं. : २९९००१६/२०७३

त्रि.वि. द.नं : ९-२-३०१-२११-२०१०

समाजशास्त्र विभाग

कुमारवर्ती बहुमुखी क्याम्पस

नवलपरासी


२०१९

स्याङ्जा जिल्ला बिरुवा गाउँपालिकाका महिलाको शैक्षिक अवस्था र शिक्षाप्रतिको धारणा : एक समाजशास्त्रीय अध्ययन - संगीता अधिकारी २०१९

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
कुमारवर्ती बहुमुखी क्याम्पस
KUMARWARTI MULTIPLE CAMPUS
समाजशास्त्र तथा मानवशास्त्र विभाग
Department of Sociology & Anthropology
कावासोती-२, नवलपरासी
Kawasoti-2, Nawalparasi
स्था: २०४५ वि.सं.
Estd : 1988 A.D.
फोन नं. + ९७७-७८-५४०११५
ph. +977-78- 540115

प.सं. (L.No.):-
च.नं. (Ref.No.) :-

मिति (Date) : २०७५/११/०३

## सिफारिस पत्र

त्रि.वि., मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि **संगीता अधिकारी**द्वारा तयार पारिएको **स्याङ्जा जिल्ला बिरुवा गाउँपालिकाका महिलाको शैक्षिक अवस्था र शिक्षाप्रतिको धारणा : एक समाजशास्त्रीय अध्ययन** नामक शोधपत्र मेरो निर्देशनमा तयार पारिएको हो । अत: यस शोधपत्रको अन्तिम मूल्याङ्कनका निम्ति सिफारिस गर्दछु ।

....................................
गुरुप्रसाद सुवेदी
शोधनिर्देशक
समाजशास्त्र विभाग

E-mail: kmcampus@gmail.com URL:kumarwarti.edu.np

त्रिभुवन विश्वविद्यालय
Tribhuvan University
फोन नं. + ९७७-७८-५४०११५
ph. +977-78- 540115
कुमारवर्ती बहुमुखी क्याम्पस
KUMARWARTI MULTIPLE CAMPUS
समाजशास्त्र तथा मानवशास्त्र विभाग
Department of Sociology & Anthropology
कावासोती-२, नवलपरासी
Kawasoti-2, Nawalparasi
स्था: २०४५ वि.सं.
Estd : 1988 A.D.

प.सं. (L.No.):-
च.नं. (Ref.No.) :-
मिति (Date) : २०७५/११/१८

# स्वीकृति पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिका लागि **संगीता अधिकारी**द्वारा तयार पारिएको यस शोधपत्र **स्याङ्जा जिल्ला बिरुवा गाउँपालिकाका महिलाको शैक्षिक अवस्था र शिक्षाप्रतिको धारणा : एक समाजशास्त्रीय अध्ययन**लाई स्वीकृति प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| नाम | हस्ताक्षर |
|---|---|
| श्री झवबहादुर सुनार<br>विभागीय प्रमुख | .................................. |
| श्री लिलबहादुर भण्डारी<br>शहिद स्मारक कलेज, चितवन<br>बाह्य परीक्षक | .................................. |
| श्री गुरुप्रसाद सुवेदी<br>शोध निर्देशक | .................................. |

E-mail: kmcampus@gmail.com URL:kumarwarti.edu.np

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र संकायअन्तर्गत समाजशास्त्र विषयमा स्नातकोत्तर तहको उपाधि प्राप्तिको लागि 'स्याङ्जा जिल्ला बिरुवा गाउँपालिकाका महिलाको शैक्षिक अवस्था र शिक्षाप्रतिको धारणा : एक समाजशास्त्रीय अध्ययन' शीर्षकमा तयार पारिएको छ । सर्वप्रथम शोधपत्र तयार गर्ने क्रममा अमूल्य समय दिई उपयुक्त निर्देशन, सरसल्लाह, सहयोग र प्रेरणा दिनु हुने मेरा शोधनिर्देशक कुमारवर्ती बहुमुखी क्याम्पस, नवलपरासीका क्याम्पस प्रमुख गुरु गुरुप्रसाद सुवेदीज्यूप्रति हृदयदेखि नै आभार व्यक्त गर्दछु । उहाँको सहयोगविना यो शोधपत्र पूरा हुने थिएन ।

त्यसैगरी समाजशास्त्र विभाग साथै मलाई शिक्षादिक्षा दिनुहुने सम्पूर्ण गुरुवर्गप्रति आभारी छु, जुन विभाग र गुरुहरुले मलाई यस विषयमा शोध गर्ने अनुमति र अध्ययन गर्ने अवसर प्रदान गर्नुभएको छ । साथै यस विभागका विभागीय प्रमुख झवबहादुर सुनारज्यूप्रति पनि म अनुगृहित छु ।

साथै अध्ययन क्षेत्रका सम्पूर्ण उत्तरदाताहरुमा अमूल्य समय दिई जानकारी प्रदान गरिदिनु भएकोमा कृतज्ञता प्रकट गर्दछु । यस शोधपत्र पूरा गर्न महत्वपूर्ण सल्लाह, सुझाव र सहयोग गर्नुहुने श्रीमान काशीराम वाग्लेज्यूलाई धन्यवाद दिन चाहन्छु ।

मलाई सदा प्रेरणा, आशीर्वाद र आर्थिक सहयोग गर्नुहुने मेरा सम्पूर्ण घरपरिवारलाई हृदयदेखि आभार व्यक्त गर्दछु ।

संगीता अधिकारी

कुमारवर्ती बहुमुखी क्याम्पस

नवलपरासी

# विषय सूची


पृष्ठ संख्या

| | |
|---|---|
| सिफारिस पत्र | I |
| स्वीकृति पत्र | II |
| कृतज्ञता ज्ञापन | III |
| विषय सूची | IV-VI |
| तालिका सूची | VII |
| चित्र सूची | VIII |

अध्याय - एक

अध्ययनको पृष्ठभूमि

| | | |
|---|---|---|
| १.१ | परिचय | १ |
| १.२ | समस्याको कथन | २ |
| १.३ | अध्ययनको उद्देश्य | ३ |
| १.४ | अध्ययनको महत्त्व | ४ |
| १.५ | अध्ययनको संगठनात्मक स्वरूप | ४ |

अध्याय-दुई

साहित्यको समीक्षा

| | | |
|---|---|---|
| २.१ | सैद्धान्तिक अवधारणा | ५ |
| २.२ | नेपालमा औपचारिक शिक्षाको विकास र लैङ्गिक असमानता | ७ |
| २.३ | महिलाको शैक्षिक स्थिति निर्धारण गर्ने तत्वहरू | ८ |
| २.४ | महिला शिक्षा सम्बन्धि गरिएका नीति तथा कार्यक्रमहरूको समीक्षा | १० |
| २.५ | अवधारणागत ढाँचा | १५ |

अध्याय तीन

अनुसन्धान पद्धति

| | | |
|---|---|---|
| ३.१ | अनुसन्धान ढाँचा | १६ |
| ३.२ | अध्ययन क्षेत्रको छनोट र यसको औचित्य | १६ |
| ३.३ | समग्रता र नमुना छनोट | १६ |
| ३.४ | तथ्यांकको स्रोत र प्रकृति | १७ |

३.५ तथ्य संकलन विधि १७
३.५.१ अन्तर्वार्ता १७
३.५.२ अवलोकन १७
३.५.३ घरधुरी सर्वेक्षण १८
३.५.४ प्रश्नावली १८
३.६ तथ्यांक विश्लेषण १८
३.७ अध्ययनको सीमा १८
अध्याय चार
अध्ययन क्षेत्रको भौगोलिक, सामाजिक तथा आर्थिक अवस्था
४.१ स्याङ्जा जिल्लाको संक्षिप्त परिचय २०
४.२ बिरुवा गाउँपालिकाको परिचय २१
४.३ आर्थिक अवस्था २१
४.४ शैक्षिक अवस्था २२
४.४.१ विरुवा गा.पा.को शैक्षिक अवस्था २३
४.५ उमेर लिङ्गका आधारमा अध्ययन गरिएको जनसंख्याको विश्लेषण २३
४.६ गाउँपालिकामा रहेका घरमुलीको स्थिति २५
४.७ जातजाति अनुसार जनसंख्याको वितरण २६
४.८ धर्मको आधारमा जनसंख्याको विवरण २८
४.९ महिलाहरूको उमेरगत शैक्षिक विवरण २९
४.१० शैक्षिक स्तरको विवरण ३०
अध्याय पाँच
महिलाको शैक्षिक स्थिति र शिक्षाप्रतिको धारणा
५.१ उमेर समूह अनुसारको विवरण ३२
५.२ वैवाहिक अवस्था ३३
५.३ साक्षरता स्तर ३४
५.४ साक्षरता प्राप्त गर्ने स्रोतको विवरण ३५
५.५ परिवारको प्रकृतिको आधारमा महिलाको शैक्षिक अवस्था ३७
५.६ पेशाका आधारमा महिला साक्षरता स्तरको विवरण ३८
५.७ शैक्षिक तह अनुसार विवरण ४०
५.८ जातजाति अुनसार शैक्षिक स्तरको विवरण ४१
५.९ बीचमा नै पढाइ छाड्ने विवरण ४२
५.१० जातजातिको आधारमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरूको विवरण ४३

५.११ पेशाका आधारमा बीचैमा विद्यालय छाड्ने उत्तरदाताहरूको विवरण ४४
५.१२ पारिवारिक आम्दानीका आधारमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरूको विवरण ४५
५.१३ उमेर अनुसार महिला शिक्षा प्रतिको सामाजिक धारणा ४७

**अध्याय : छ**

**सारांश र निष्कर्ष**

६.१ सारांश ४९
६.२ अध्ययनको निष्कर्ष ५१

**REFERENCES** ५३

**परिशिष्ट १ : घरधुरी सर्वेक्षण**

**परिशिष्ट २ : अन्तर्वार्ताको प्रश्नावली विवरण**

**परिशिष्ट ३ : छनोटमा परेका उत्तरदाताहरुको नामावली**

**परिशिष्ट ४ : छनोटमा परेका गाउँपालिका र सामग्री सङ्कलनका क्रममा लिइएका केही फोटोहरु**

# तालिका सूची


| | | पृष्ठ |
|---|---|---|
| तालिका नं. १ : | उमेरगत जनसंख्याको विवरण | २४ |
| तालिका नं २ : | लिङ्गको आधारमा घरमूलीको अवस्था | २५ |
| तालिका नं. ३ : | जातजाति अनुसार जनसंख्याको वितरण | २७ |
| तालिका नं. ४ : | धर्मका आधारमा जनसंख्याको विवरण | २८ |
| तालिका नं. ५ : | उत्तरदाताको उमेरगत शैक्षिक विवरण | २९ |
| तालिका नं. ६ : | शैक्षिक स्तरको विवरण | ३० |
| तालिका नं. ७ : | उमेर समूह अनुसारको विवरण | ३२ |
| तालिका नं. ८ : | वैवाहिक अवस्था | ३३ |
| तालिका नं. ९ : | साक्षरता स्तर | ३५ |
| तालिका नं. १० : | साक्षरता प्राप्त गर्ने स्रोतको विवरण | ३६ |
| तालिका नं. ११ : | परिवारको प्रकृतिको आधारमा महिलाको शैक्षिक अवस्था | ३७ |
| तालिका नं. १२ : | पेशाका आधारमा महिला साक्षरता स्तरको विवरण | ३९ |
| तालिका नं. १३ : | शैक्षिक तह अनुसार विवरण | ४० |
| तालिका नं. १४ : | जातजाति अनुसार शैक्षिक स्तरको विवरण | ४१ |
| तालिका नं. १५ : | बीचमै पढाइ छाड्नु पर्ने कारणहरूको विवरण | ४२ |
| तालिका नं. १६ : | जातजातिको आधारमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरूको विवरण | ४३ |
| तालिका नं. १७ : | पेशाका आधारमा बीचमै विद्यालय छाड्ने उत्तरदाताहरूको विवरण | ४४ |
| तालिका नं. १८ : | पारिवारिक आम्दानीका आधारमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरूको विवरण | ४६ |
| तालिका नं. १९ : | उमेर अनुसार महिला शिक्षा प्रतिको सामाजिक धारणा | ४७ |

# चित्र सूची


| | | पृष्ठ |
|---|---|---|
| चित्र नं. १ : | उमेरगत जनसंख्याको विवरण | २४ |
| चित्र नं. २ : | लिङ्गको आधारमा घरमूलीको अवस्था | २६ |
| चित्र नं. ३ : | जातजाति अनुसार जनसंख्याको वितरण | २७ |
| चित्र नं. ४ : | धर्मका आधारमा जनसंख्याको विवरण | २८ |
| चित्र नं. ५ : | शैक्षिक स्तरको विवरण | ३१ |
| चित्र नं. ६ : | उमेर समूह अनुसारको विवरण | ३३ |
| चित्र नं. ७ : | वैवाहिक अवस्था | ३४ |
| चित्र नं. ८ : | साक्षरता स्तर | ३५ |
| चित्र नं. ९ : | साक्षरता प्राप्त गर्ने स्रोतको विवरण | ३६ |
| चित्र नं. १० : | परिवारको प्रकृतिको आधारमा महिलाको शैक्षिक अवस्था | ३८ |
| चित्र नं. ११ : | पेशाका आधारमा महिला साक्षरता स्तरको विवरण | ३९ |
| चित्र नं. १२ : | शैक्षिक तह अनुसार विवरण | ४० |
| चित्र नं. १३ : | बीचमै पढाइ छाड्नु पर्ने कारणहरूको विवरण | ४२ |
| चित्र नं. १४ : | जातजातिको आधारमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरूको विवरण | ४४ |
| चित्र नं. १५ : | पेशाका आधारमा बीचमै विद्यालय छाड्ने उत्तरदाताहरूको विवरण | ४५ |
| चित्र नं. १६ : | पारिवारिक आम्दानीका आधारमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरूको विवरण | ४६ |

# अध्याय - एक

# अध्ययनको पृष्ठभूमि

## १.१ परिचय

शिक्षाप्रति विभिन्न समुदाय र समाजहरूको आ-आफ्नै धारणा वा बुझाइ रहेको हुन्छ । अझ भन्ने हो भने व्यक्ति-व्यक्तिमा पनि यस प्रतिको बुझाई फरक रहन्छ । समाज र संस्कृति अनुसार शिक्षा प्रतिको धारणा पनि भिन्न रहेको हुन्छ । यसैगरी सामाजिक स्तरले पनि शिक्षा प्रतिको धारणामा प्रभाव पार्ने गर्दछ । जस्तै : उच्च र निम्न आर्थिक स्तर भएका व्यक्तिहरूको शिक्षाप्रतिको धारणा वा बुझाई पनि फरक-फरक हुन सक्छ । अर्थात् उच्च आय स्तर भएका व्यक्तिले शिक्षालाई जुन रूपमा बुझेका हुन्छन् तर निम्न आयस्तर भएका व्यक्ति एउटै समाजमा भए पनि त्यही रूपमा नबुझ्न पनि सक्दछन् । यसरी शिक्षा प्रतिको बुझाइ एउटै समाज एउटै संस्कृति र एउटै समुदाय भित्र पनि फरक हुने गर्दछ । त्यसैले शिक्षाको समाजशास्त्रीय अर्थहरूलाई बुझ्न र तिनलाई विश्लेषण गर्नु आफैमा महत्त्वपूर्ण छ ।

समाजशास्त्रीहरूले शिक्षालाई विभिन्न प्रकारले व्याख्या र विश्लेषण गरेको पाईन्छ । प्रकार्यवादीहरूले शैक्षिक संस्थालाई सामाजिक एकाईको रूपमा लिने गर्दछन् । जसबाट समाज अगाडि बढ्न सहयोग मिल्दछ । शिक्षाले सामाजिक अस्थिरताको अन्त्य गर्दछ र समाजमा रहेको द्वन्द्व कम गर्न सहयोग गर्दछ भन्ने धारणा प्रकार्यवादीहरूको रहेको छ । मार्क्सवादीहरूले शैक्षिक संस्थाहरूलाई वैचारिक विभेद गर्ने एउटा महत्त्वपूर्ण संस्थाको रूपमा लिने गर्दछन् (अधिकारी, २०७३) ।

शिक्षा सामाजिक, सांस्कृतिक रूपमा निर्माण हुने गर्दछ । कुनै पनि व्यक्तिको शिक्षा कस्तो हुने भन्ने कुरा उक्त व्यक्ति रहेको समाज र संस्कृतिले निर्धारण गर्ने गर्दछ । यो अध्ययन विशेषतः स्याङ्जा जिल्लाको बिरुवा गाउँपालिका वडा नं. १ का महिला समुदायका मानिसहरूले शिक्षालाई कसरी बुझेका रहेछन्; उनीहरूको महिला शिक्षाप्रतिको धारणा कस्तो रहेछ; महिलाहरूको शैक्षिक अवस्था कस्तो रहेछ; समाजमा छोरी बुहारीको शिक्षालाई कसरी लिँदा रहेछन्; पुरानो पुस्ता र नयाँ पुस्ताका मानिसबीचको शिक्षाप्रतिको बुझाई के रहेछ त्यसलाई केलाउनु महत्त्वपूर्ण छ ।

## १.२ समस्याको कथन

समाजमा विविध पक्षहरूको अध्ययन एक निरन्तर प्रक्रिया हो, यसको अध्ययन गर्नु जरुरी छ, यस अर्थमा सामाजिक शैक्षिक जीवनको अध्ययन आफैमा एक महत्त्वपूर्ण कार्य हो । समाज र संस्कृतिले महिला र पुरुष बीचको भूमिकालाई निर्धारण गरेको हुन्छ । वास्तवमा फरक मूल्य मान्यता, परम्परा, विश्वास, विचार आदर्श, शैक्षिक तथा आर्थिक प्रणाली, पारिवारिक सम्बन्ध, कानुनी तथा धार्मिक संरचना र विभिन्न स्रोत साधनमा महिला र पुरुषको नियन्त्रण र भूमिका जिम्मेवारी उत्तरदायित्वबोध आदि लैङ्गिक भूमिकासँग सम्बन्धित छन् । यी पक्षहरूमा महिला र पुरुषको असमान सामाजिकीकरणको प्रक्रियाले फरकपन रहेको छ । नेपाली समाजमा केही सहरी क्षेत्र र केही ग्रामिण समाजमा शिक्षा प्रतिको बुझाइ पनि फरक फरक रहेको छ ।

ग्रामीण भेगमा आर्थिक स्थिति कमजोर भएको परिवारमा पुरुष भन्दा महिलालाई विद्यालय पठाउनको लागि अभिभावकको चाहना कम हुन्छ (आचार्य, २०६६) । यस्तो परिवारमा थोरै भएपनि छोरालाई नै पढाउनु पर्छ भन्ने मान्यता रहेको पाइन्छ । छोरीलाई खेतीपाती र घरभित्रको काम गर्नुपर्ने भएकाले धेरै शिक्षा जरुरी छैन भन्ने धारणा रहेको पाइन्छ (आचार्य, २०६६) । आचार्यले भनेझै वर्तमान अवस्थामा पनि शैक्षिक संस्थाहरूसँगको पहुँच फरक-फरक छ वा छैन त्यसलाई बुझ्न जरुरी रहेको छ । यदि फरक छ भने के कस्तो सामाजिक पृष्ठभूमिले फरकपनको श्रृजना गरिरहेको छ, यदि छैन भने के कारणले गर्दा हरायो भन्ने कुरालाई अध्ययन गर्नु शिक्षा माथिको विभेद आफैमा महत्त्वपूर्ण रहेको छ ।

नेपालको प्राथमिक र माध्यमिक तहमा छात्राको संलग्नता वृद्धि हुने क्रम केही प्राप्तिको रूपमा लिन सकिए तापनि अझै छात्राहरू परम्परागत विभेदको सामना गरिरहेका छन् । परम्परागत विभेदको सामना गरिरहेका छन् (Luitel, 2008) जस्तैः सानो उमेरमा विवाह गर्ने चलन, गर्भधारण गर्ने प्रक्रिया, विद्यालय पहूँचको अभाव, अप्रयाप्त र लैङ्गिक विभेदयुक्त शिक्षण र शैक्षिक सामग्रीका कारण अझै पनि विद्यालयहरूमा छात्रा संलग्नता कम छ (Luitel, 2008) । यसैगरी महिलाहरू गुणस्तरीय शिक्षा, विशेषगरी उच्च शिक्षा, विज्ञान र प्रविधिसँग सम्बन्धित शिक्षा लिनका लागि निरन्तर बञ्चित भएका छन् (Luitel 2008)।

शिक्षामा महिलाको उपस्थिति पुरुषको तुलनामा कम हुनु अथवा उनीहरूले कक्षा दोहोऱ्याउने, कक्षा बीचैमा छोड्ने क्रम नेपालमा बढी देखिन्छ (CERID, 1994) । जसको मुख्य  कारणहरूमा  महिलाहरूको सामाजिक आर्थिक अवस्था, विद्यालयमा महिला शिक्षाको उपलब्धता, परिवारको शैक्षिक पृष्ठभूमि, सरकारको महिला सहभागिता बढाउन सहयोग गर्ने खालका कार्यक्रमको कमी, सामाजिक चेतनाको कमी आदि हुन् । (CERID,  2003) को रिपोर्ट अनुसार कक्षा १ देखि नै केटाको तुलनामा केटीहरूको पढाइ छाड्ने दर बढी हुन्छ । तराई, पहाड र हिमालमा जति कक्षा बढ्दै गयो त्यति नै पढाइ छाड्ने दर बढी हुन्छ । प्राथमिक  तहमा सबैभन्दा बढी पढाइ छोड्ने दर पनि केटीहरूको बढी हुँदै जाने गर्दछ । प्राथमिक तहमा सबैभन्दा बढी पढाइ छोड्ने दर अरू कक्षाको तुलनामा कक्षा ५ मा बढी हुने गर्दछ । कक्षामा हुने त्रैमासिक परीक्षामा सामेल नहुने र परीक्षामा असफल हुने गर्दछन् जसले गर्दा माध्यमिक शिक्षाको सुविधा पाउँदैनन् र उनीहरूले पढाइ छाडी काम गर्ने प्रयास गर्दछन् (CERID, 2003) । यसरी CERID को यो रिपोर्टले वृहत् रूपमा महिलाको शिक्षा र शैक्षिक संस्थासँगको कम पहुँचका बारेमा केही कारणहरूका बारेमा उल्लेख गरेता पनि यो ठाउँ, धर्म, जातजाति, लिङ्ग, समाज वा व्यक्तिहरू अनुसार फरक-फरक हुने हुँदा यसलाई अनुसन्धान गर्नु आफैमा महत्त्वपूर्ण रहेको देखिन्छ । यी उल्लेखित कारक तत्त्वहरूको भूमिका महिलाको शैक्षिक स्थितिसँग सम्बन्ध कस्तो रहेको छ, त्यस बारेमा बुझ्नु अत्यन्त महत्त्वपूर्ण छ ।

त्यसैले यस अनुसन्धानमा महिलाको शिक्षालाई केन्द्रविन्दु बनाउँदै त्यसको सामाजिक तथा सांस्कृतिक  पक्षहरूको बारेमा लैङ्गिक सिद्धान्तबाट हेर्ने प्रयास गरिने छ ।

१. महिलाहरूको सामाजिक स्तर र शैक्षिक अवस्था कस्तो छ ?

२. समाजमा महिलाहरूको शिक्षाप्रतिको धारणा कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

यस अध्ययनको सामान्य उद्देश्य स्याङ्जा जिल्ला बिरुवा गाउँपालिका वडा नं. १ मा बस्ने  महिलाहरूको शैक्षिक स्थिति तथा शिक्षाप्रतिको दृष्टिकोण पत्ता लगाउनु रहेको छ भने विशिष्ट उद्देश्यहरू निम्न रहेका छन् :

१. महिलाहरूको शैक्षिक अवस्था र जातजाति, पेशा, उमेर बीचको सम्बन्धलाई हेर्नु;

२. महिला शिक्षाप्रतिको समाजको धारणा पत्ता लगाउनु;

## १.४ अध्ययनको महत्त्व

यो अनुसन्धान बिरुवा गाउँपालिका वडा नं. १ का महिलाहरूको शैक्षिक अवस्थालाई लैङ्गिक, सैद्धान्तिक, दृष्टिकोणबाट हेर्ने प्रयास गरिएको छ । त्यसैले यो अनुसन्धान सैद्धान्तिक र अनुसन्धानात्मक पद्धति दुवै दृष्टिकोणबाट आफैमा महत्त्वपूर्ण छ ।

महिलाको शिक्षामा सामाजिक, सांस्कृतिक मूल्यमान्यताहरूले र लैङ्गिक विभेदले कस्तो प्रभाव पारेको छ र समाजमा महिला शिक्षालाई मानिसहरूले कसरी बुझेका रहेछन् भन्ने कुरालाई अध्ययन गरिएको छ । महिलाहरूको शैक्षिक अवस्थालाई परिवार, विवाह, आर्थिक संस्था, मूल्यमान्यता आदिले कस्तो प्रभाव पारेको रहेछ भन्ने बारेमा जानकारी हासिल गर्न विशेषत लैङ्गिक सम्बन्धमा केन्द्रित रहेर हेर्ने प्रयास गरिएको छ । त्यसैगरी यस अध्ययनमा शिक्षाको समाजशास्त्रीय व्याख्या र विश्लेषण गरिएको छ । त्यसका साथै महिलाहरूको शैक्षिक अवस्थासँग सम्बन्धित विषयमा जिज्ञासा राख्नेहरूलाई यो अध्ययन एक उपयोगी स्रोत हुनेछ । यसबाट भोलि अध्ययन गर्ने सामाजिक संघसंस्था जो यसबारेमा बुझेर योजना बनाउन चाहन्छन् उनीहरूका लागि केही थप जानकारी प्राप्त हुन सक्छ ।

## १.५ अध्ययनको संगठनात्मक स्वरूप

अध्याय एकमा अध्ययनको पृष्ठभूमिअन्तर्गत अध्ययनको परिचय, समस्या, अध्ययनको उद्देश्य, अध्ययनको महत्त्व, अध्ययनको संगठनात्मक स्वरुप उल्लेख गरिएको छ । त्यसैगरी अध्याय दुईमा साहित्य समीक्षा अन्तर्गत लैङ्गिक सैद्धान्तिक विश्लेषण, नेपालमा औपचारिक शिक्षाको विकास र लैङ्गिक असमानता, महिलाको शैक्षिक स्थिति निर्धारण गर्ने तत्त्वहरूको समीक्षा महिला, शिक्षा सम्बन्धी गरिएका नीति तथा कार्यक्रमहरूको समीक्षा गरिएको छ । अध्याय तीनमा अनुसन्धानात्मक विधि रहेको छ । जसमा अनुसन्धानात्मक ढाँचा, अध्ययन क्षेत्रको छनौट, नमुना छनौट विधि र तथ्याङ्क सङ्कलनका विधिहरू, तथ्याङ्कको प्रस्तुतिकरण र विश्लेषण साथै अध्ययनका सीमा समावेश गरिएको छ । अध्याय चारमा अध्ययन क्षेत्रको परिचय, शिक्षण संस्थाको विवरण, लिङ्ग र उमेरका आधारमा अध्ययन क्षेत्रका महिलाहरूको जनसङ्ख्या, उत्तरदाताका उमेर अनुसार शैक्षिक अवस्था, पेशागत अवस्था, बिरुवा गाउँपालिकाका महिलाहरूको शैक्षिक अवस्था, महिला र पुरुषबीचको शैक्षिक अवस्था, शिक्षाका आधारमा पेशा, उमेर, धर्म अनुसार महिला शिक्षा प्रतिको सामाजिक धारणा, विवाह र शिक्षा, महिलाले पढाइ छाड्ने कारण उल्लेख गरिएको छ । त्यसैगरी अध्याय पाँचमा महिलाहरूको शैक्षिक अवस्थाको तथ्याङ्कको व्याख्या र विश्लेषण गरिएको छ । अध्याय छमा अध्ययनको सारांश र निष्कर्ष प्रस्तुत गरिएको छ ।

# अध्याय–दुई

# साहित्यको समीक्षा

यस अध्यायमा महिला शिक्षासँग सम्बन्धित विभिन्न अध्ययन अनुसन्धानबाट तयार भएका विभिन्न तथ्याङ्क, लेख रचना र अभिलेखहरू संघसंस्थाका महिला शिक्षाको प्रभाव सम्बन्धी प्रकाशनहरूको समीक्षा गरिएको छ ।

## २.१ सैद्धान्तिक अवधारणा

महिलाहरूको विभिन्न पक्षहरूमा कुरा गर्ने धेरै सिद्धान्त र वादहरू पाईन्छ । वास्तवमा पुरुष दमन र शोषणको विरोध गर्दै महिलाहरूले पनि पुरुष सरह अवसर उपभोग गर्न पाउनु पर्छ भनी देखापरेको आन्दोलन वा दर्शन नै महिलावाद हो (Bhasin, 2000) । यिनै धेरै महिलावाद वा नारीवाद मध्ये सन् १९७० को दशकमा देखा परेको महिला आन्दोलनलाई अगाडि बढाउन सहयोग गर्ने उदारवादी नारीवादी हो । लैङ्गिक असमानता सिद्धान्तको मुख्य उदाहरण उदार नारीवाद हो । यसको मुख्य जोड युक्तिसंगत नैतिक संस्थाका लागि महिलाहरूले मानवीय क्षमतामा आधारित भएर पुरुषसँग समानताको दावी गर्नुपर्दछ भन्ने रहेको छ । यसका अनुसार लैङ्गिक विभेद पितृसत्ता र श्रम विभाजनको लैङ्गिक ढाँचाको परिणाम हो । लैङ्गिक समानताको लागि श्रम विभाजनलाई हस्तान्तरण गर्दै कानुनी काम, परिवार शिक्षा, सञ्चार जस्ता मुख्य संस्थाहरूलाई पुनः संरचना गर्नुपर्दछ । उदार नारीवादका अनुसार सबै महिला र पुरुषहरू समान तरिकाले सृष्टि भएका हुन र तिनीहरूलाई खास खालका अभिभाज्य अधिकारहरू तिनीहरूका सृष्टिकर्ताले प्रदान गरेको छ । तिनीहरू केहीमध्ये स्वतन्त्रता, जीवन र समृद्धि हुन्  (Bhasin 2000) ।

लैङ्गिक असमानताका तत्त्वहरू लिङ्गले सामाजिक संरचना, लैङ्गिक श्रम विभाजन, सार्वजनिक र निजी क्षेत्रका मूल्य मान्यता व्यवहार र पितृसत्तात्मक विचार धारा रहेका छन् । महिलाहरूलाई निजी क्षेत्रको उत्तरदायित्व बहन गर्ने जिम्मेवारी प्रदान गरिन्छ भने पुरुषहरूलाई सार्वजनिक क्षेत्रको कामको पहुँचमा महत्त्व दिइन्छ । उदार महिलावादीहरू सार्वजनिक क्षेत्रको काममा वास्तविक सम्मान हुने र पैसा, शक्ति, स्तर, स्वतन्त्रता प्रगतिका अवसरहरू र आत्म सन्तुष्टि पनि हुने उल्लेख गर्दछन् ।

यसरी सम्मानपूर्ण सार्वजनिक पेशाहरूबाट महिलाहरूलाई अलग गरिएको लैङ्गिक असमानताको स्थिति सिर्जना भएको उदारनारीवादको तर्क छ । उदार नारीवादले महिला पुरुष दुवैलाई आफ्नो जीवनशैली छनौट गर्ने अवसर हुनुपर्ने र यसलाई  दुवैले स्वीकार र सम्मान गर्नुपर्ने धारणा राखेको छ । व्यक्तिवाद छनौट, स्वतन्त्रता, अवसरको स्वतन्त्रता आदि मुद्दाहरू उदार नारीवादीहरूले उठाएका छन्  (Bhasin, 2000)।

महिलाहरूको शैक्षिक अवस्था र महत्त्वका बारेमा लैङ्गिक दृष्टिकोणबाट अध्ययन गर्दा लैङ्गिक भेदभावको अन्त्यको लागि महिला शिक्षाको स्तर उन्नति गर्नु आवश्यक छ । महिलाहरूको वर्तमान र भविष्यको सुनिश्चितताका लागि शिक्षा आवश्यक छ । शिक्षामा महिलाको पहूँच नहुँदासम्म महिला सशक्तिकरण र समानता सम्भव छैन । जसका लागि आर्थिक स्थायित्व पनि उत्तिकै जरुरी छ ।  त्यसकारण लैङ्गिक समानता र शिक्षामा समान पहुँचका लागि सहभागितामूलक शैक्षिक कार्यक्रम आवश्यक छ  (Onta, 1996)।

उदारवादी महिलावादका अनुसार हरेक मानवीय प्राणी बराबरी रूपमा बुद्धिमान हुन्छन् । यिनीहरूलाई समान अवसर दिइएको खण्डमा महिलाले पनि पुरुष सरह समान उपलब्धी हाँसिल गर्दछन् । असमानतामूलक समाज कसैलाई पनि लाभदायी नहुने भएकाले सामाजिक संरचना, आर्थिक र राजनैतिक संरचना क्रमिक रूपमा परिवर्तन हुनुपर्दछ । महिला र पुरुषबीचको असमानतामूलक श्रम विभाजनले महिलाहरू पीडित छन् । धेरैजसो असमानता र विभेदको प्रमुख कारण नै लैङ्गिक विभेद हो । वर्तमान समयमा देखिएको लैङ्गिक असमानताले महिलाका लागि प्रत्यक्ष प्रभाव पारेको छ । जसमा महिलाले कुनै पुरुष सरह सबै ठाउँमा समान सहभागी हुनुपर्दछ । यसरी महिलावादको प्रमुख उद्देश्य लैङ्गिक विभेदको अन्त्य गरी लैङ्गिक समानता ल्याउनु हो (Luitel, 2008) ।

महिलावादी कमला भाषिनका अनुसार : लैङ्गिक भन्नाले त्यस्तो अवधारणा हो जुन सामाजिक सांस्कृतिक रूपले निर्माण भएको हुन्छ । हरेक समाजमा महिला र पुरुषले निर्वाह गर्नुपर्ने भूमिका अलग-अलग हुने गर्दछन् । लिङ्गको आधारमा महिला र पुरुष दुबैबाट समाजले केही अपेक्षा गरेको हुन्छ । वास्तवमा त्यही अपेक्षाकृत भूमिका नै जेण्डर हो । जेण्डरले महिला पुरुषको सामाजिक सांस्कृतिकका अतिरिक्त आर्थिक विशेषतालाई पनि जनाउँदछ । (Bhasin, 2000) महिलावादीहरूले भनेको जस्तो जेण्डर सामाजिक सांस्कृतिक रूपमा निर्माण हुँदो रहेछ कि रहेनछ भन्ने कुरा हेर्नका लागि यो अध्ययन गरिएको छ ।

## २.२ नेपालमा औपचारिक शिक्षाको विकास र लैङ्गिक असमानता

शिक्षामा असमान सहभागिता र अवसरको इतिहास लामो समयदेखि चल्दै आइरहेको छ (गुरुङ, २००८) । प्रधानमन्त्री जंगबहादुरले निश्चित रूपमा आफ्ना परिवारका सदस्यहरूलाई अंग्रेजी बोल्न र लेख्न जान्ने बनाउन सन् १८५४ मा दरवार स्कुलको सुरुवात गरे । यस स्कुलमा पनि जनताका छोरा छोरीहरूको पहुँच थिएन । राणाशासन व्यवस्थासँग नजिक भएका व्यक्तिहरु राणाहरूको स्वीकृतिमा यस विद्यालयमा पढ्न पाउथे । नेपालमा औपचारिक शिक्षाको विकास र विस्तार सन् १९५१ पछि केही हदसम्म भएपनि जनताका छोराछोरीहरूले शिक्षा ग्रहण गर्न पाए । सन् १९५० मा एक प्रतिशतको हाराहारीमा रहेको नेपालको साक्षरता दर सन् १९८० सम्म २३ प्रतिशत पुग्यो । तर पञ्चायत कालमा पनि शिक्षाको नाममा राज्यले निश्चित भाषा, धर्म र संस्कृतिलाई मात्रै बढ्वा दिने काम गऱ्यो (Onta, 1996) ।

नेपालमा सन् १९८१ मा महिलाको साक्षरता १२ प्रतिशत थियो भने सन् २००१ मा यसमा वृद्धि भई ४३ प्रतिशत पुगेको छ । तर दुई दशकको बीचमा पुरुष र महिलाको साक्षरता बीच विद्यमान दुरी २२ प्रतिशत नै कायम रहेको छ (UNDP, 2004) । १४ वर्ष मुनिका बालबालिकाहरू मात्रै सोही उमेर समूहका बालकसँग शिक्षा क्षेत्रमा अगाडि बढ्न सकेको देखिन्छ । छात्रहरूको उमेर वृद्धिसँगै उनीहरूको विद्यालय भर्ना दर कम हुँदै गएको देखिन्छ । त्यसैले माध्यमिक तहमा र उच्च शिक्षामा छात्रहरू अगाडि रहेका छन् । नेपालको ग्रामिण शिक्षा र सहरी शिक्षा बीच व्यापक भिन्नता छ । जसमा आज पनि ग्रामिण महिलालाई विद्यालयमा सहरको तुलनाामा कमै मात्रामा पढाइएको पाइन्छ । त्यसमा पनि परम्परागत मूल्यमान्यता र संस्कारका कारण ग्रामिण महिला कम साक्षर देखिएका छन् । नेपाल जनसंख्याख्यिक स्वास्थ्य सर्वेक्षण सन् २००८ अनुसार ग्रामिण क्षेत्रका प्रत्येक दुईजना महिलामध्ये १ जना विद्यालयमा नजाने र त्यसमा पनि १५ देखि ४९ वर्ष समूहका ५३ प्रतिशत महिला कहिल्यै पनि विद्यालय गएका छैनन् । जम्मा साक्षरता दरमा पनि विभिन्न स्तरमा हेर्दा १२ प्रतिशत पूर्व प्राथमिक, ५ प्रतिशत प्राथमिक, २१ प्रतिशत नि.मा.वि. र १० प्रतिशत ले क्रमशः मा.वि. र उच्च मा.वि. शिक्षा पुरा गरेको देखिन्छ । ग्रामिण महिलाको शिक्षाको तुलना शहरी क्षेत्रमा भने २४ प्रतिशत मा.वि. र ६ प्रतिशत महिलाले उच्च शिक्षा हासिल गरेका छन् (MOH 2008) ।

## २.३ महिलाको शैक्षिक स्थिति निर्धारण गर्ने तत्त्वहरू

महिला शिक्षाको अवस्था विश्वव्यापी रूपमा कमजोर देखिनुमा घरायसी विभेद मात्र नभएर घर बाहिर विद्यालयमा हुने विभिन्न खाले असमानताका कारण पनि महिला शिक्षा तुलनात्मक रूपमा कम देखिएको छ । नेपाल मानव विकास प्रतिवेदन २००६ मा उल्लेख भए अनुसार सबसाहारा बंगलादेश र युगाण्डामा गरिएको अध्ययनबाट विद्यालयमा छात्रा विद्यार्थीहरूको लागि छुट्टै शौचालय, गोप्य शौचालय र सरसफाई गर्ने ठाउँको अभावमा छात्रा विद्यार्थीहरूको बढ्दो उमेरसँगै विद्यालय छोड्ने दर वृद्धि भएको र त्यस समस्याको समाधानका लागि छुट्टै शौचालय र सरसफाईको व्यवस्था भइसकेपछि भने छात्रा विद्यार्थीको कक्षा छाड्ने दरमा घट्दै गएको देखिन्छ (UNDP 2008) । त्यसैगरी सबैका लागि शिक्षा विश्वव्यापी अनुगमन, प्रतिवेदन युनेस्कोका अनुसार विश्वव्यापी रूपमा पुरुषभन्दा महिला कम साक्षर छन् । विश्वमा धनी तथा विकसित देशहरूमा १०० जना प्रौढ पुरुष बराबर जम्मा ८८ जना प्रौढ महिला साक्षर छन् भने कम आय भएका देशमा त्यो संख्या अझ न्यून छ । उदाहरणका लागि बंगलादेश र पाकिस्तानमा क्रमशः प्रति १०० पुरुषमा ६२ र ५७ महिला साक्षर छन् (UNESCO, 2009) । समग्रमा महिला साक्षर संख्या अझ न्यून छ  (UNESCO 2009) । विश्वव्यापी विद्यालय पहुँचको अवस्थालाई हेर्दा विश्वमा विद्यालय बाहिर रहेका बालबालिकाहरू मध्ये ३८ प्रतिशत एसिया प्रशान्त क्षेत्रमा रहेका छन् । विश्वका ७ करोड २० लाख विद्यालय बाहिर रहेका बालबालिकाहरूमध्ये ५९ प्रतिशत बालबालिकाहरू छन् । ७५ करोड ७० लाख निरक्षर प्रौढहरू मध्ये दुई तिहाई एसिया र प्रशान्त क्षेत्रमा बस्छन् । एसिया प्रशान्त क्षेत्रमा निरक्षर प्रौढहरू मध्ये दुई तिहाई एसिया र  प्रशान्त क्षेत्रमा ५५ प्रतिशत दक्षिण र पश्चिम एसियामा ६३ प्रतिशतमध्ये एसियामा ६८ प्रतिशत छ भने पूर्वी एसियामा यो दर ७१ प्रतिशत रहेको छ (UNESCO, 2009) । समग्र समाज परिवारको समानुपातिक र दिगो विकासका लागि महिला शिक्षा अनिवार्य मानिन्छ । तर नेपालको सन्दर्भमा भने शैक्षिक क्षेत्रका महिलाको साक्षरतादर पुरुषको तुलनामा न्यून रहेको पाइन्छ । जहाँ ५४ प्रतिशत भन्दा कम मात्रामा प्रा.वि. स्तरमा रहेका छात्रा मध्ये पनि ४० प्रतिशतले छाडी सकेका छन् भने मा.वि. तहमा ३० र उच्च शिक्षामा १५ प्रतिशत भन्दा कम मात्रामा अध्ययनरत रहेको पाइन्छ (UNESCO 2009) । यस्तो पढाइमा पनि साधारण पढाइ बाहेक अन्य विज्ञान र प्रविधिको क्षेत्रमा भने न्यून मात्र

सहभागि रहेका छन् जसमा प्रा.वि. स्तर सम्मका छात्राको पढाइ केही मात्रामा वढी भर्नादर रहे पनि हाम्रो समाजको सानो उमेरमा विवाह गरिदिने चलनले गर्दा विवाह पश्चातको पढाइलाई निरन्तरता भने दिन पाएका छैनन् । त्यसैले लैङ्गिक विभेद पनि महिला शिक्षामा प्रभाव पार्ने अर्को महत्त्वपूर्ण कारक तत्त्वको रूपमा रहेको छ (UNESCO 2006) । शिक्षामा विभेदका विरुद्ध युनेस्को महासन्धी १९६० मा शिक्षामा विभेद विश्वव्यापी मानव अधिकार घोषणापत्रमा प्रतिपादित गरिएको अधिकारहरूको हनन हो । महासन्धी शिक्षा क्षेत्रमा अन्तराष्ट्रिय कानुनमा बन्धनकारी शक्ति प्राप्त गर्ने पहिलो अन्तराष्ट्रिय उपकरण हो । यसको उद्देश्य शिक्षामा विभेदको निराकरण गर्न मात्र होइन अवसरहरू र व्यवहारको समानतालाई प्रवर्द्धन गर्ने उपायहरू अपनाउनु पनि हो भनि उल्लेख गरिएको छ (UNESCO 2009) ।

समाजशास्त्रीहरूका अनुसार सामाजिक शिक्षा परिवासँग सम्बन्धित हुन्छ र त्यो शिक्षा र त्यसबाट गरिने व्यवहार एक अर्का बीचमा गाँसिने गर्दछ । त्यसैले प्रकार्यावादी सिद्धान्तबाट के दावि गर्न सकिन्छ भने लैङ्गिक समानता र असमानता भन्ने कुरा जहिले पनि वर्णन गरिएको र तोकिएका कार्यहरू र मानवकार्यहरू बीचमा हुने भूमिकाद्वारा श्रृजित र पुनरश्रृजित हुने प्रक्रिया हो (उपाध्याय, २०६६) ।

शैक्षिक समाजशास्त्र सामाजिक स्तरीकरण र तथ्याङ्कको साथै आर्थिक विकासका क्षेत्रमा गरिएको सर्वेक्षण अनुरूप महिलाको शिक्षालाई प्रभावपार्ने तत्त्वको रूपमा घरपरिवारको श्रोतलाई पनि मानिएको छ । त्यसैगरी घरपरिवारका अभिभावकले छोराछोरीलाई कहाँ पढ्न पठाउने भन्ने निर्णयले पनि छोराछोरीको शिक्षामा प्रभाव पार्दछ । त्यसैगरी परिवारले आफ्ना सन्तानको शिक्षामा लगानी गरेपछि त्यसको प्रतिफलको आशा गर्ने गर्दछन् । जसले गर्दा पनि महिला शिक्षा प्रभावित भएको पाइन्छ (अधिकारी, २०६६) ।

शिक्षाले लैङ्गिक सम्बन्ध, सामाजिक परिवर्तन, लैङ्गिक अभ्यास र विचारमा पनि परिवर्तन गर्न सक्छ । (Aheam, 2004) । उदाहरणका लागि स्याङ्जाको विभिन्न गाउँमा मानिसहरू अशिक्षित हुँदा विवाहित महिलाहरूले विहान उठेपछि श्रीमान्को गोडाको पानी खाने चलन थियो । त्यसैगरी महिलाहरू मासिक धर्म (महिनावारी) हुँदा घर भित्र वस्न नहुने गोठमा बस्नुपर्ने जस्ता सामाजिक कुसंस्कार र अन्धविश्वास पनि विस्तारै छोड्न थाले । शिक्षा लिन थालेपछि विवाहमा पनि परिवर्तन आएको, प्रेमपत्र लेख्न थालेको र प्रेम विवाह गर्न थालेको पाइयो (Aheam 2004) । परिवारको पेशागत अवस्था र सामाजिक आर्थिक

अवस्थामा पनि बालबालिकाको शिक्षा आर्जन र जीवन शैलीलाई निर्धारण गर्न महत्त्वपूर्ण भूमिका खेल्ने गर्दछ (Colins, 2009) । त्यसैगरी शिक्षामा असमान पहुँच हुनमा लिङ्गले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । छोराहरूलाई उनीहरूको परिवारले शिक्षाको राम्रो अवसर दिएका हुन्छन् । छोराहरूलाई सहरका निजी विद्यालयमा पढनको लागि पढाइन्छ जवकी छोरीहरूलाई भने गाउँकै विद्यालयमा पढ्नको लागि भने थोरै अवसर दिइएको हुन्छ । यस्तो हुनमा प्राथमिक कारणको पछाडि सामाजिक वाधाहरू जस्तै घरपरिवारले छोरीहरूलाई २० वर्ष अघि नै विवाह गरिदिने चलनले गर्दा हो । (UNFPA, 2009) ।

## २.४ महिला शिक्षा सम्बन्धि गरिएका नीति तथा कार्यक्रमहरूको समीक्षा

शिक्षा क्षेत्रमा देखिएको असमान महिला सहभागितालाई वृद्धि गर्न र विकासका क्षेत्रमा सक्षम महिला पहुँचका लागि महिलाहरूको शैक्षिक अवस्थामा सुधार गर्न विभिन्न राष्ट्रिय र अन्तराष्ट्रिय नीति तथा रणनीतिहरू बनाइएका छन् । जसमा डकार कार्ययोजना, सबैका लागि शिक्षा २००० मा सन् २०१५ सम्ममा सबैका लागि गुणस्तरीय शिक्षा प्राप्तिका लागि १२ वटा प्रमुख रणनीतिहरू प्रस्ताव गरिएको छ र छ वटा प्रमुख उद्देश्यहरू तोकिएको छ । जसमा लैङ्गिक लक्ष्यहरू निम्न्नानुसार छन् :

१. सन् २०१५ सम्ममा सबै बालबालिकाहरू विशेषगरी अल्पसंख्यक बालबालिकाहरूको लागि स्तरीय एवम् विश्वव्यापी प्राथमिक शिक्षामा पहुँच बढाउने र सो पुरा गर्ने,

२. २०१५ सम्ममा प्रौढ साक्षरता तहमा ५० प्रतिशतले सुधार गर्ने खासगरी महिलाको निम्ति र सबै प्रौढहरूका लागि आधारभूत र निरन्तर शिक्षामा समतामूलक पहुँच पुऱ्याउने,

३. सन् २००५ सम्ममा प्राथमिक र माध्यमिक शिक्षामा रहेको लैङ्गिक असमानता हटाइ सन् २०१५ मा स्तरीय आधारभूत शिक्षाको उपलब्धिमा छात्राको पूर्ण र समान पहुँच सुनिश्चित गर्न शिक्षामा लैङ्गिक समानता प्राप्त गर्ने लक्ष्यहरू राखेको छ । (UNESCO, 2009)।

यसैगरी संयुक्त राष्ट्रसंघको सहस्राव्दी विकास लक्ष्य २००० ले शिक्षामा लैङ्गिक असमानता हटाउनको लागि सबै बालबालिकाहरूले प्राथमिक विद्यालयको पूर्ण शिक्षा प्राप्त

गर्ने कुरा सुनिश्चित गर्ने र प्राथमिक र माध्यमिक शिक्षाबाट सकेसम्म सन् २०१५ सम्म सबै तहबाट लैङ्गिक विभेद निर्मूल पार्ने लक्ष्यहरू अगाडि ल्याएको छ। (UNESCO, 2009)

विश्वव्यपी रूपमा महिला विकासका कार्यक्रमहरू ल्याइएता पनि नेपालमा त्यसले आशातित सफलता प्राप्त गरेको भने देखिदैन र सन् १९९५ मा भएको चौथो विश्व महिला सम्मेलन बेइजिङ घोषणापत्रले पारित गरेका महिला चासोका १२ बुँदाहरू मध्ये महिलाको लागि शिक्षा र तालिम पनि एक हो । यसले सार्वजनिक र व्यक्तिगत जीवनका सबै अंगहरूमा आर्थिक, सामाजिक, सांस्कृतिक र राजनीतिक निर्णय प्रक्रियामा पूर्ण र बराबर हिस्साका माध्यमले महिलाहरूको सक्रिय सहभागिताका बाधाहरू हटाउन खोज्दछ (UN, 1995)।

शिक्षा क्षेत्रमा लैङ्गिक मूल्याङ्कन नामक समीक्षात्मक प्रतिवेदनमा (MWCSW, 2005) शिक्षामा छात्रा विद्यार्थीहरूको पहुँचको अवस्थालाई तीन दशक यता सरकारी प्राथमिक विद्यालयहरूको स्थापना बढ्दै जानु, विभिन्न सरकारी प्राथमिकताहरू जस्तो प्राथमिक शिक्षाको, निःशुल्क पाठ्यपुस्तक उपलब्ध गराउने जस्ता कार्यक्रमहरूका कारण प्राथमिक तहमा छात्रछात्राको पहुँच बराबर रूपमा देखिन्छ भने, करिब ९० प्रतिशत बालबालिका आधा घण्टाको समयमा प्राथमिक विद्यालय पुग्न सकेका छन् । यसलाई अझ सुधार गर्न आधारभूत र प्राथमिक शिक्षा परियोजना मार्फत यसलाई गुणस्तरीय र प्रभावकारी प्रणालीमा आवद्ध गरिएको छ। (DOE, 2000)।

महिला सशक्तिकरण नामक प्रतिवेदन (ESP, 2000) मा नेपालको परिवेशमा कानुनले पनि महिलालाई विभेद गरेको पाईन्छ । कतिपय कानून तथा व्यवहारमा महिलाहरूलाई दिइने अधिकार पैत्रिक सम्पत्ति जस्ता कुराहरूमा विभेद गरेको पाईन्छ । सामाजिक सहभागितामा प्रतिबन्ध लगाउनुलाई मानिन्छ । नेपालको शिक्षा प्रणाली लैङ्गिक विभेदीकरणमा आधारित छ । निरक्षरताले महिलाको आत्मनिर्णय, ज्ञान, सीप तथा विकास कार्यमा अघि बढ्न बाधा गरेको छ । छोरीको शिक्षालाई अभिभावकले मुख्य रूपमा विवाहसँग मात्र हेर्ने गर्दछन् । छोरीको दाम्पत्य जीवन राम्रो होस् भन्नका लागि मात्र अभिभावले छोरीलाई पढाउने गर्दछन् (ESP, 2000) ।

विकासमा लैङ्गिक मूल प्रवाहीकरणका लागि शैक्षिक नीतिहरूले के कस्तो लैङ्गिक पहुँच हुन सक्छ भन्ने कुरा महत्त्व राख्ने हुनाले  नेपालमा बनाइएका शैक्षिक नीतिहरूको समीक्षा गर्दा पूर्व प्राथमिक, प्राथमिक निम्न माध्यमिक र माध्यमिक अथवा विद्यालय तह सम्म लैङ्गिक विभेद कम गर्दै छात्रा विद्यार्थी बढाउने कुरामा राम्रो नीतिहरू तर्जुमा गरिएको छ । त्यसबाट धेरै हदसम्म सफलता प्राप्त भएको छ तर उच्च शिक्षामा भने लैङ्गिक समानता कायम गर्ने खालका नीतिहरू छैनन्, भएका नीतिहरू लैङ्गिक सवालमा तटस्थ रहेको देखिन्छ । जसको कारणले उच्च शिक्षामा महिला र पुरुषको संलग्नताको अनुपातमा ठुलो अन्तर कायमै छ । त्यसैगरी विशेष शिक्षाका नीतिहरूमा पनि महिलाका लागि कुनै स्पष्ट व्यवस्था नभएको देखिन्छ, अनौपचारिक शिक्षा भने महिलाहरूका लागि नै केन्द्रित गरिएको छ । यसले महिला साक्षरता वृद्धि गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । महिला शिक्षाको लागि शिक्षामा छात्रा सहभागिता बढाउन कक्षा दोहोऱ्याउने र कक्षा बीचैमा छाड्ने दर कम गर्नका लागि छात्रवृत्तिको व्यवस्था, शिक्षामा महिला सहभागिता वृद्धि प्रवर्द्धनका लागि कम्तिमा विद्यालयमा एक प्राथमिक विद्यालयमा एक जना महिला शिक्षक नियुक्ति गर्नुपर्ने, छात्रा विद्यार्थीलाई  छात्रवृत्ति प्रदान गर्ने जस्ता शिक्षामा लैङ्गिक पहुँचमा सहयोग पुऱ्याउने नीतिहरू छन् (MWCSW, 2005) ।

नेपालको अन्तरिम संविधान २०६३ मा शिक्षा सम्बन्धी धारा (८) मा महिला वर्गको शिक्षा, स्वास्थ्य र रोजगारीको विशेष व्यवथा गरी राष्ट्रिय विकासमा अत्याधिक सहभागि बनाउने नीति राज्यले अवलम्बन  गर्ने छ भनी उल्लेख गरिएको छ । त्यसैगरी लैङ्गिक तथा सामाजिक भेदभाव हटाउने कुरामा प्राथमिक विद्यालयमा महिला शिक्षाको संख्या वृद्धि गर्ने, बालबालिका शिक्षाको प्रत्यक्ष खर्चका लागि सहायता प्रदान गर्ने, विद्यालय व्यवस्थापन समिति, गाउँ शिक्षा समिति तथा जिल्ला शिक्षा समितिमा महिला प्रतिनिधित्व वृद्धि गर्ने, शिक्षालाई प्रत्येक बालबालिकाको बाल अधिकार हो भन्ने तथ्यलाई हृदयंगम गरी सबैका लागि शिक्षा २००४ देखि २००९ ले प्राथमिक तहको भर्ना दर ८१ प्रतिशत वृद्धि गरी ९६ प्रतिशत पुऱ्याउने उद्देश्य राखेको थियो । सबैका लागि शिक्षा २००४-२००९ ले प्राथमिक तहको भर्नादर ८१ प्रतिशत वृद्धि गरी ९६  प्रतिशत पुऱ्याउने उद्देश्य राखेको छ (अधिकारी सन् २००८) ।

नेपालको एघारौं त्रिवर्षीय अन्तरिम योजना वि.सं. २०६७-२०६९ मा महिला सम्बन्धी कार्यनीति यसरी उल्लेख गरिएको छ : शिक्षामा महिला आदिवासी, जनजाति मधेसी, दलित अपाङ्ग आदिको सुनिश्चितता गर्न राष्ट्रिय र स्थानीय तहमा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिने छ । जसमा १५ देखि २४ वर्ष उमेर समूहको साक्षरता दर ९० प्रतिशत पुग्ने अपेक्षा गरिएको थियो । यसका लागि नेपाल सरकार र संयुक्त राष्ट्रिय जनसंख्या शिक्षा कार्यक्रम सन् २००३ देखि २००६ सम्म सञ्चालन भएको थियो । शिक्षा मानवीय आवश्यकता भएकाले सबैले समान रूपमा शिक्षा पाउनु उसको अधिकार भएपनि विभिन्न सामाजिक सांस्कृतिक मूल्य मान्यता र आर्थिक कारणले शैक्षिक रूपमा पनि विभेद रहेको देखिन्छ (Luitel, 2009)।


नेपालको संविधान (२०७२) को भाग ३ मा मौलिक हक र कर्तव्य शीर्षकअन्तर्गत शिक्षा सम्बन्धी हकभित्र प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँच, प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक, अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउने हक, दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक, नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ भनी उल्लेख गरिएको छ । त्यस्तै महिलाको हकमा प्रत्येक महिलालाई लैंगिक भेदभाव विना समान वंशीय हक, प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्बन्धी हक, महिला विरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन । त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानून बमोजिम क्षतिपूर्ति पाउने हक, राज्यका सबै निकायमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक, महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पतीको समान हक हुनेछ भनी उल्लेख गरिएको पाइन्छ ।

अधिकारी (२०७१) द्वारा **नेपालमा प्राथमिक शिक्षा** नामक पुस्तकमा महिला शिक्षा सम्बन्धी चर्चा गरेको पाइन्छ । नेपालको जनसङ्ख्याको आधा हिस्सा ओगट्ने महिलाहरूलाई शिक्षा दिनका निमित्त सञ्चालन गरिएका विधि कार्यक्रमहरू मध्ये शिक्षामा महिलाको समान अवसर कार्यक्रम पनि एक प्रमुख कार्यक्रम हो । नेपालमा हालसम्म पनि महिला साक्षरता र उच्च शिक्षामा महिलाहरूको सहभागिता पुरुषको तुलना न्यून छ । वि.सं. २०२२ को सरकारी तथ्याङ्क अनुसार तत्कालीन अवस्थामा प्राथमिक विद्यालय अध्ययन गर्ने उमेर समूहका कुल छात्राहरू मध्ये १४% छात्राहरू मात्र विद्यालय भर्ना भएका थिए । वि.सं. २०१८ (सन् १९६१) मा महिला साक्षरता १.७ मात्र थियो । एक दशकपछि २०२८ (१९७१) मा ३.९% पुगेको थियो । सन् १९६५ (वि.सं. २०२२) मा महिला शिक्षक प्रतिशत ४ थियो । युनेस्को (UNESCO) को सन् १९७५ को प्रतिवेदनमा नेपालमा महिलाहरूको शैक्षिक स्थितिको सुधार नहुँदासम्म समाजमा सभ्यताको विकास र सामाजिक चेतनाको विकास प्राय: असम्भव छ भन्ने वाक्य उल्लेख भएको थियो । नेपालमा महिला शिक्षकको सङ्ख्या ज्यादै कम थियो त्यसको कारण माध्यमिक तहमा अध्ययन गरी एस.एल.सी उत्तीर्ण गर्ने महिलाको सङ्ख्या ज्यादै कम थियो । त्यस्तै माध्यमिक तहमा छात्राहरूको सङ्ख्या कम थियो किनकि प्राथमिक तहमा छात्राहरूको भर्ना दर नै कम थियो । महिलाको शैक्षिक अवस्थामा सुधार ल्याउन विशेष कार्यक्रमको आवश्यकताको महसुस भयो त्यसैको परिणाम स्वरूप वि.सं. २०२८ माघ (सन् १९७१ January) मा शिक्षामा महिलाको समान अवसर (Equal Access of Women to Education Programme) नामक शैक्षिक योजना तयार पारिएको हो ।

अधिकारी (२०७३) द्वारा दमाई जातिको सामाजिक तथा आर्थिक अवस्था शीर्षकको शोधपत्र मानविकी तथा समाजशास्त्र संकायअन्तर्गत समाजशास्त्र विषयको स्नातकोत्तर तहको आंशिक आवश्यकता परिपूर्तिका लागि तयार पारिएको पाइन्छ । यस शोधपत्रको प्रमुख उद्देश्यमा दमाई जातिको सामाजिक तथा आर्थिक अवस्थाको अध्ययन गर्नु रहेको छ भने विशिष्ट उद्देश्यहरूमा दमाई जातिको सामाजिक सांस्कृतिक अवस्थाको विश्लेषण गर्नु र दमाई जातिमा प्रचलित वालीघरे प्रथाको अध्ययन गर्नु रहेको छ । स्याङ्जा जिल्ला बहाकोट गाउँपालिकाका दमाई जातिको अध्ययन गरिएको प्रस्तुत शोधपत्रमा २९ घरपरिवारलाई गणना विधि अपनाई तथ्याङ्क संकलन गरिएको थियो भने अन्तर्वार्ताका माध्यमबाट अनुसन्धानकर्ता स्वयम् अध्ययन क्षेत्रका प्रत्येक घरमा पुगी प्रश्नावली भराउने काम गरिएको

पाइयो । शैक्षिक क्षेत्रमा यहाँका दमाईहरू अति पिछडिएका, आजको २१ औं शताब्दीमा पनि पूरा दमाई समुदायमा जम्मा ९ जनाले मात्र मुस्किलले एस.ई.ई. उत्तीर्ण गरेको देखिनु, शैक्षिक पक्ष निकै कमजोर हुनु, हालसम्म प्रमाणपत्र तह उत्तीर्ण नगर्नु, गरिबीको कारणले नै शैक्षिक क्षेत्रमा पछि परेको निष्कर्ष निकालिएको छ ।

## २.५ अवधारणागत ढाँचा



# अध्याय तीन

# अनुसन्धान पद्धति

## ३.१ अनुसन्धान ढाँचा

यस अध्ययनको लागि वर्णनात्मक ढाँचा प्रयोग गरिएको छ भने अनुसन्धानमा लैङ्गिक सैद्धान्तिक उपागमको प्रयोग गरिने हुँदा प्राप्त तथ्यांकहरूलाई महिला र पुरुष बीच विभेद गर्ने तत्त्वहरूको आधारमा प्रस्तुत गरिएको छ ।

## ३.२ अध्ययन क्षेत्रको छनोट र यसको औचित्य

यस अनुसन्धान नेपालको प्रदेश नं. ४ मा पर्ने स्याङ्जा जिल्लाको बिरुवा गाउँपालिकाको वडा नं. १ मा बस्ने महिलाहरूलाई अध्ययन क्षेत्रको रूपमा लिइएको छ । जहाँ महिलाहरू यस अध्ययन क्षेत्र छनोटका लागि प्रस्ताव गरिनुका निम्न कारणहरू छन् :

१. यस ठाउँमा विशेष गरी त्यहाँ सम्पन्न र विपन्न दुवै स्तरका शिक्षित र अशिक्षित दुवै प्रकारका महिलाहरूको त्यस ठाउँमा बसोबास रहेको हुँदा शिक्षित महिलाको शिक्षा प्रतिको धारणा र अशिक्षित महिलाको शिक्षाप्रतिको धारणा बुझ्नका लागि यो ठाउँ उपयुक्त रहेको छ ।

२. त्यसैगरी समाजमा विभिन्न जातजाति, पेशा, उमेर, वैवाहिक स्थितिअनुसार समाजमा महिलाहरूको शैक्षिक अवस्था पनि फरक-फरक हुन सक्छ भन्ने उद्देश्यले यस क्षेत्रलाई अध्ययनका लागि छनोट गरिएको छ ।

३. अनुसन्धानकर्ता पनि यस क्षेत्रको स्थानीय वासिन्दा भएको कारणले गर्दा महिलाको शैक्षिक स्थितिका बारेमा जान्ने इच्छा भएकाले यस क्षेत्र छनोट गरिएको छ ।

## ३.३ समग्रता र नमुना छनोट

विरुवा गाउँपालिकाको जनसंख्या १८४१३ रहेको छ । अध्ययनको क्षेत्र वडा नम्बर १ मा कुल ५४० घरधुरीका २८६० जनसंख्यामा १२७० पुरुष तथा १५९० महिलाहरु रहेका छन् । १५९० महिलाहरुमध्ये १५ वर्षदेखि माथि ६० वर्षभित्रका महिलाको संख्या अर्थात् अध्ययनको समग्रता ११६८ रहेको छ । ११६८ जनसंख्या मध्येबाट उद्देश्यमूलक नमुना छनोट विधिका आधारमा सबै जाति, उमेर, भौगोलिक क्षेत्र, आर्थिक अवस्था र शिक्षा जस्ता

चलहरुको प्रतिनिधित्व हुने गरी ५४ जना महिलाहरुलाई उत्तरदाताको रुपमा छनोट गरी अध्ययनलाई अगाडि बढाइएको छ ।

## ३.४ तथ्यांकको स्रोत र प्रकृति

यस अध्ययनका अनुसन्धानकर्ताले महिलाको शैक्षिक अवस्था थाहा पाउन र समाजको शिक्षा प्रतिको धारणाका बारेमा अध्ययन गर्दा प्राथमिक स्रोतहरू प्रयोग गरिएको छ । प्राथमिक श्रोतहरूका अन्तरवार्ता विधि, घरधुरी सर्वेक्षण विधि, अवलोकन विधि अपनाइएको छ भने द्वितीयक स्रोतमा गाउँपालिका र विभिन्न पत्रपत्रिका, प्रतिवेदन र विभिन्न विद्वान्ले लेखेका पुस्तकबाट सहयोग लिइएको. छ । तथ्याङ्कको प्रकृति गुणात्मक र संख्यात्मक दुबै विधिको प्रयोग गरिएको छ ।

## ३.५ तथ्य संकलन विधि

यस अध्ययनको सिलसिलामा अनुसन्धान स्थलगत सर्वेक्षण गर्ने क्रममा सम्बन्धित क्षेत्रमा बसोबास गरी त्यहाँका बासिन्दाहरूसँग आत्मियता तथा सहसम्बन्ध कायम गरी अध्ययनलाई अगाडि बढाइएको छ । साथै अध्ययनमा निम्न विधिहरू प्रयोग गरिएको छ ।

### ३.५.१ अन्तर्वार्ता

यस अध्ययनका क्रममा आवश्यक सूचना प्राप्त गर्नको लागि व्यक्तिगत रूपमा महिलाहरूलाई उनीहरूको शिक्षाप्रतिको धारणा बुझ्न प्रश्नहरू गरी अन्तर्वार्ता लिइएको छ । अन्तर्वार्ताका लागि १५ देखि ६० वर्ष उमेर सम्ममा विवाहित र अविवाहित महिलाहरू उत्तरदाताको रूपमा लिई आवश्यक जानकारी लिइएको छ । अन्तर्वार्ताका लागि ५४ जना महिलालाई लिइएको छ ।

### ३.५.२ अवलोकन

अध्ययन क्षेत्रको भौगोलिक अवस्था, सामाजिक, सांस्कृतिक पक्ष, शैक्षिक पक्षहरू जस्ता विषयका बारेमा जानकारी लिन अवलोकन विधि प्रयोग गरिएको छ । अवलोकनका आधारमा अनुसन्धानकर्ताले समुदायमा बालबालिका स्कुल गएको नगएको सरकारी स्कुल वा निजी स्कुल के मा पढ्दा रहेछन् भनी अध्ययन गरिएको छ । अनुसन्धानकर्ताले समुदायमा छोरा र छोरी बीच परिवारले गर्ने लैङ्गिक विभेदको र छोरा र छोरीलाई दिइने कामको बारेमा पनि अवलोकन गरिएको छ ।

### ३.५.३ घरधुरी सर्वेक्षण

अध्ययन क्षेत्र १ नम्बर वडाका सबै वस्तीको घरधुरी फाराम भरी सूचना संकलन गरिएको छ । घरधुरी सर्वेक्षणमा महिला-पुरुष, केटा केटी जो घरमा भेटिएको छ उनीहरूबाट आवश्यक सूचना लिइएको छ । उनीहरूको पारिवारिक, शैक्षिक, सामाजिक अवस्थाका बारेमा जानकारी लिइएको छ । घरधुरी सर्वेक्षणबाट अध्ययन गरिने टोलका सम्पूर्ण जनसंख्याबाट उनीहरूले अपनाइएका पेसा, उनीहरूको सामाजिक स्तर आदिको बारेमा सूचना प्राप्त गरिएको छ । त्यसैगरी उनीहरूले आफ्ना छोराछोरीलाई सरकारी वा निजी कुन विद्यालयमा पढाउँदा रहेछन् र छोरीलाई छोरा सरह विद्यालय पठाएको नपठाएको कुराको जानकारी पनि अनुसन्धानकर्ताले घरधुरी सर्वेक्षणको तथ्याङ्कबाट प्राप्त गरिएको छ । अनुसन्धानकर्ता आफू स्वयम् त्यही ठाउँको भएको हुँदा केही व्यक्तिहरूसँग परिचित भएको र तथ्याङ्क सङ्कलन गर्न केही सहज भएको छ ।

### ३.५.४ प्रश्नावली

यस अध्ययनका क्रममा अन्तर्वार्ताका लागि १५ देखि ६० वर्ष उमेरसम्ममा विवाहित र अविवाहित महिलाहरू उत्तरदाताको रूपमा लिई आवश्यक जानकारी लिनको लागि प्रश्नावली निर्माण गरी अध्ययन अगाडि बढाइएको छ ।

## ३.६ तथ्यांक विश्लेषण

अनुसन्धान गरी संकलन गरी ल्याएका तथ्यांकहरूलाई वर्गीकरण गरी विश्लेषण गरिएको छ । सामान्य तथ्यांकशास्त्रीय विधिबाट संख्यात्मक तथ्यांकलाई प्रतिशतमा, तालिका, रेखाचित्र, वृत्तचित्र र स्तम्भचित्रमा प्रस्तुतीकरण र विश्लेषण गरिएको छ । यसैगरी गुणात्मक तथ्याङ्कहरू जस्तै व्यक्तिगत विचार, अवलोकन गरिएका कुराहरूका आधारमा वर्गीकरण गरिएको छ । सोही अनुरूप तिनलाई तर्कपूर्ण रूपमा विश्लेषण गरिएको छ । यसमा तथ्याङ्कीय विधिबाट संख्यात्मक तथ्यांकहरूलाई प्रतिशतमा राखी प्रस्तुतीकरण गरिएको छ भने गुणात्मक तथ्याङ्कलाई विषयवस्तुको आधारमा व्याख्या गरिएको छ ।

## ३.७ अध्ययनको सीमा

जुनसुकै अध्ययनको पनि एउटा निश्चित सीमा निर्धारण गरिएको हुन्छ । यो अध्ययनका पनि निम्न अनुसारका सीमाहरू निर्धारण गरिएको छ :

१. यो अध्ययन स्याङ्जा जिल्ला बिरुवा गाउँपालिकामा पर्ने वार्ड नं. १ मा बस्ने महिलाहरूको शैक्षिक अवस्थामा आधारित भएर तयार पारिएको छ,

२. यो अध्ययन मात्र समाजशास्त्र विषयमा स्नातकोत्तर उपाधि प्राप्तिको लागि आंशिक आवश्यकता परिपूर्तिको लागि तयार गरिएको छ ।

३. यो अध्ययन लैङ्गिक सैद्धान्तिक दृष्टिकोणबाट गरिएको हो । यस समुदायमा महिला शिक्षालाई प्रभाव पार्ने अन्य पक्षहरू जस्तैः आर्थिक, सामाजिक मूल्यमान्यता, उमेर, परिवारको प्रकृति, वैवाहिक स्थिति आदिसँगको अन्तरसम्बन्धलाई हेर्ने प्रयास गरिएको छ ।

# अध्याय चार

## अध्ययन क्षेत्रको भौगोलिक, सामाजिक तथा आर्थिक अवस्था

यस अध्ययनलाई दुई भागमा विभाजन गरिएको छ । पहिलो भागमा अध्ययन क्षेत्रको भौगोलिक, सामाजिक र शैक्षिक संस्थाहरूको बारेमा व्याख्या गरिएको छ भने दोस्रो भागमा अध्ययन क्षेत्रका महिला समुदायको जनसंख्या, आर्थिक अवस्था र वैवाहिक अवस्थाका बारेमा व्याख्या गरिएको छ ।

### ४.१ स्याङ्जा जिल्लाको संक्षिप्त परिचय

स्याङ्जा नेपालको प्रदेश नं. ४ अन्तर्गत पर्ने गण्डकी प्रदेशमा अवस्थित एक पहाडी जिल्ला हो । यसको जम्मा क्षेत्रफल ११६४ वर्ग किलोमिटर छ । विश्व प्रसिद्ध लुम्बिनी र पर्यटकीय नगरी पोखराको बिचमा पर्ने सुन्दर र रमणीय स्थान हो स्याङ्जा । यो जिल्ला समुद्री सतहदेखि ३६६ मिटर (केलादी) देखि २५१२ मिटर (पञ्चासेको) लेकसम्मको उचाइमा अवस्थित छ । यस जिल्ला २८$^{\circ}$·४'६०" उत्तरी अक्षांशदेखि ८३$^{\circ}$·५२'०" पूर्वी देशान्तरमा पर्दछ (गाउँपालिका प्रोफाइल, २०७४) ।

यस जिल्लामा ५ नगरपालिका र ६ वटा गाउँपालिकाहरु रहेका छन् । उष्ण समशीतोष्ण हावापानी भएको यो जिल्लामा औषत अधिकतम तापक्रम ३२$^{\circ}$ से सम्म पुग्दछ । यस जिल्लाको सदरमुकाम स्याङ्जाबजार रहेको छ । राष्ट्रिय निर्वाचनका दृष्टिकोणले यस जिल्लालाई ३ निर्वाचन क्षेत्रमा बाँडिएको छ र यहाँ ११ वटा स्थानीय तहहरु रहेका छन् । राष्ट्रिय जनगणना २०६८ का अनुसार स्याङ्जा जिल्लाको जनसंख्या २८९१४८ छ । जसमध्ये पुरुष १२५८३३ र महिला १६३३१५ रहेका छन् । (राष्ट्रिय जनगणना २०६८) ।

यस जिल्लामा विभिन्न सुविधाहरू जस्तै फाँटहरु, मिलेका डाँडाकाँडाहरु, अस्पताल, बाटोघाटो, बालीनाली आदि जस्ता सुविधाले अन्य पहाडी जिल्लाबाट बसाइसराई गरी आउने क्रम बढी रहेको स्थानीय बासिन्दाहरूले बताए । यसरी बसाइसराई सँगसँगै स्याङ्जा जिल्लाका पहाडी मुलुकका जातजाति र नयाँ जातिको आगमन सँगसँगै स्थानीय जातिहरूको विशेषतः सामाजिक, सांस्कृतिक तथा आर्थिक र शैक्षिक पक्षहरूमा पनि निरन्तर परिवर्तन हुँदै आएको कुरा स्थानीय बासिन्दाहरूले अध्ययनको क्रममा बताए ।

## ४.२ बिरुवा गाऊँपालिकाको परिचय

स्याङ्जा जिल्लाको मध्यपूर्वी भागमा फैलिएको एक गाउँपालिका हो बिरुवा गाउँपालिका । बिरुवा गाउँपालिका वडा नं. १ (साविकको विरुवा अर्चले गा.वि.स.) मा पर्ने विरुवा बजार जिल्लाकै प्रसिद्ध ठाउँ मानिन्छ । पौराणिक कथन अनुसार र बास्तरा खोलाको दोभान वा ज्यादी खोला दोभानमा फराकिलो फाँट रहेको र त्यस फाँटलाई बिराएर खेतीयोग्य जमिन बनाएको थियो । बिराएर बनाएको हुँदा त्यस ठाउँलाई बिरुवा भनियो ( गाउँपालिका पुस्तिका, २०७५) । वि.सं. २०७३ साल फाल्गुन २२ गतेका दिन सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले ७४४ स्थानीय तह (गाउँपालिका तथा नगरपालिका) लागू गर्दा स्याङ्जा जिल्लामा बिरुवा अर्चले, राङभाङ्का वडाहरु (४, ८), पेल्काचौरका (३, ९) वडाहरु, ओरस्टे, चिन्नेबासका (१-६) वडाहरु, किचनासका (१-५, ७), वडाहरु र मनकामना गाउँ विकास समितिलाई समेटेर बिरुवा गाउँपालिका घोषणा गरिएको हो । संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नं. ४ स्थित स्याङ्जा जिल्लाको बिरुवा गाउँपालिकामा कुल १८४१३ जनसङ्ख्या रहेको छ । प्रदेश नं. ४ को राजधानी पोखराबाट करिब २ घण्टाको दुरी वा ५२ कि.मी. दक्षिणमा यो गाउँपालिका रहेको छ । बिरुवा गाउँपालिकामा ८ वडाहरु रहेका छन् । बिरुवा गाउँपालिकाको कुल क्षेत्रफल ९५.७९ वर्ग किमी छ । यो गाउँपालिकाको पूर्वमा हरिनास गाउँपालिका र तनहुँ जिल्ला पर्दछन् भने पश्चिममा वालिङ नगरपालिका र भीरकोट नगरपालिका छन् । यसको उत्तरी क्षेत्रमा पुतलीबजार नगरपालिका छ भने दक्षिणी क्षेत्रमा चापाकोट नगरपालिका पर्दछ (www.wikipedia.org) ।

## ४.३ आर्थिक अवस्था

बिरुवा गाउँपालिकाको आर्थिक स्थिति विश्लेषण गर्न यहाँको अर्थतन्त्रको स्वरूप तथा संरचना, भू स्वामित्वको अवस्था कृषि तथा कृषिजन्य उत्पादनहरू, रोजगारी तथा श्रमको स्थिति, कूल ग्राहस्थ उत्पादन तथा प्रतिव्यक्ति आय, खाद्य सुरक्षा एवम् गरिबीको अवस्था लगायतका सूचक तथा पक्षहरूलाई आधार लिइएको छ ।

उद्योगको क्षेत्रको स्थितिलाई हेर्दा बिरुवा गाउँपालिका आफैमा सानो बजार हो । यो बजार तराई र पहाडमा उत्पादित वस्तुहरूको क्रयविक्रयको महत्त्वपूर्ण ठाउँको रूपमा रहेको

छ । यस आधारमा कृषि र वनमा आधारित उत्पादन हुने नगदेबाली, खाद्यवाली र कच्चा पदार्थहरू जस्तै सुन्तला, कफी, धान, मकै, कोदो, तोरी, अदुवा, वेसार, दूध लगायत विभिन्न तरकारी वालीहरू र बाँसबाट प्रयोग हुने सामग्रीहरू विक्रीवितरण गरेको पाइन्छ । यहाँ उत्पादित कृषिजन्य कच्चा पदार्थहरूको व्यापार कास्की, तनहुँ, पाल्पा लगायत विभिन्न प्रदेशका अतिरिक्त वाह्य बजारहरूसँग सम्पर्क स्थापित छ । यहाँबाट मुख्य गरी सुन्तला, कफी, अदुवा, कुचो, आलु, अलैची, पशु र पशुजन्य उत्पादन भारतीय बजारहरूमा निर्यात हुने गरेको उत्तरदाताहरू बताउँछन् । त्यसैले बिरुवा गाउँपालिका स्याङ्जा जिल्लाका बजारहरू मध्ये तराई र पहाड बीच जोड्ने एउटा आर्थिक क्रियाकलाप मात्र होइन, बजारमा हुने क्रियाकलापले पहाड र तराई बीचका मानिसहरूमा सामाजिक सम्बन्ध जोड्ने तथा संस्कृति मूल्य मान्यता आदानप्रदान पनि हुने गर्दछ । बिरुवा गाउँपालिकामा रहेको प्रसिद्ध मनकामना मन्दिर, दोनराङ गुफा, राङभाङ रहस्यमय गुफा, सिउँदी गुफा, कलचरल म्युजियम, घण्टलेख, मिनाहम गुफा, पानधारा, दहपोखरी, खैरीकोटबाट देखिने सूर्योदय, ज्याग्दी खोलाको काखमा रहेको बगैंचा, पर्यटकीय गाउँ बहाँचौर लगायत विविध धार्मिक तथा पर्यटकीय पक्षले आन्तरिक र बाह्य पर्यटकलाई आकर्षण गरी अर्थतन्त्रमा टेवा पुऱ्याएको पाइन्छ । अझ यस क्षेत्रको कृषिमा आधुनिकीकरण, उद्योगधन्दाको विकास, प्राविधिक एवम् व्यवसायिक शिक्षालय स्थापना, पर्यटन क्षेत्रको विकास, कृषि बजारीकरण व्यवस्था आदिमा ध्यान पुऱ्याउन सके यस गाउँपालिकाको आर्थिक क्षेत्रमा प्रर्याप्त उन्नति गर्न सकिने कुरा अध्ययनबाट थाहा पाइयो ।

## ४.४ शैक्षिक अवस्था

यस जिल्लामा सार्वजनिक र निजी गरी पूर्व प्राथमिक बालविकास केन्द्र ५८८, प्रा.वि. ३८७, नि.मा.वि. ७३, मा.वि. ७४, उ.मा.वि. ८५, क्याम्पस १८, आश्रम ३, मदरसा ३ गरी जम्मा १२३१ संस्थामा १,०२,९५७ विद्यार्थीहरु लाभान्वित हुन पुगेका छन् भने निरक्षरता घटाउने, लैंगिक विभेद हटाउने, शैक्षिक गुणस्तरमा अभिवृद्धि गर्ने, विद्यालयहरुको भौतिक सुधार गर्ने, निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने, राष्ट्रिय छात्रावृत्ति उपलब्ध गराउने, महिला शिक्षा कार्यक्रम र सामुदायिक वितरण गर्ने, राष्ट्रिय छात्रवृत्ति उपलब्ध गराउने, महिला शिक्षा कार्यक्रम र सामुदायिक विद्यालय सहयोग कार्यक्रम जस्ता क्षेत्रहरुमा कार्यक्रम केन्द्रित गरी सञ्चालनमा ल्याइएको देखिएको छ । अध्ययन क्षेत्रमा औपचारिक शिक्षा दिनका लागि

सरकारी निजी क्षेत्रबाट प्रयास गरेको पाइयो । २०४६ सालको जनआन्दोलन पछि शिक्षामा आएको आमूल परिवर्तनसँगै बिरुवा गाउँपालिकामा धेरै निजी विद्यालयहरू खुले । निजी विद्यालय खुलेपछि त्यसमा अध्ययन गर्ने विद्यार्थीहरू सम्पन्न बाहुन, क्षेत्रीका छोराहरू र न्यून मात्रामा छोरीहरू थिए । क्षेत्री, बाहुनका छोराहरूलाई निजी विद्यालयमा पढ्न पठाएको देखेपछि आर्थिक रूपमा सम्पन्न अन्य वर्गका मानिसहरूले पनि आफ्ना छोरा छोरीलाई निजी विद्यालयमा पढ्न पठाउन थालेको पनि अन्तर्वार्ताको क्रममा स्थानीय शिक्षक भिम अर्यालले बताए । समयको परिवर्तनसँगै शिक्षा क्षेत्रमा पनि परिवर्तन आएको कुरा अन्तर्वार्ताको क्रममा उत्तरदाताबाट थाहा पाइयो । गाउँपालिकाको स्थापना सरकारीभन्दा जनस्तरको योगदान बढी रही सुरु गरेको भएता पनि हाल स्तर वृद्धि भई उच्च मा.वि.को रूपमा सञ्चालित रहेको छ (बिरुवा गाउँपालिका प्रोफाइल २०७४) ।

### ४.४.१ विरुवा गाउँपालिकाको शैक्षिक अवस्था

विरुवा गाउँपालिका शैक्षिक हिसाबले जिल्लामा नै अब्बल गाउँपालिका मा गणना हुने गरेको पाइन्छ । यस क्षेत्रमा सरकारी विद्यालय ३४ (मा.वि. ९), आधारभूत विद्यालय (१ देखि ५) १७, आधारभूत विद्यालय (१ देखि ८) ८, निजी विद्यालय २, क्याम्पस १, सामुदायिक बालविकास केन्द्र २ गरी कुल ३९ शैक्षिक संस्थाहरु रहेका छन् । उक्त संस्थाबाट करिब ७००० विद्यार्थीहरु लाभान्वित हुन पुगेका छन् (गाउँपालिका पुस्तिका, २०७५) ।

## ४.५ उमेर लिङ्गका आधारमा अध्ययन गरिएको जनसंख्याको विश्लेषण


समाजमा रहेका विभिन्न विचलनहरूमा उमेर, शिक्षा र लिङ्ग पनि एक अर्कामा अन्तर सम्बन्धित हुन्छन् । विरुवा गाउँपालिका वडा नं. १ मा अध्ययनको क्रममा विभिन्न उमेर समूह र लिङ्ग अनुसार शैक्षिक योग्यता र धारणा फरक-फरक रहेको पाइयो । जसलाई लिङ्गको आधारमा तालिका नं. १ मा प्रस्तुत गरिएको छ ।

तालिका नं. १ : उमेरगत जनसंख्याको विवरण

| उमेरगत जनंख्या विवरण | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| उमेर समूह | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-४ | ३५ | २.७५ | ५० | ३.१४ | ८५ | २.९७ |
| ५-९ | १४० | ११.०२ | १६० | १०.०६ | ३०० | १०.४८ |
| १०-१४ | १२० | ९.४४ | १४० | ८.८० | २६० | ९.०९ |
| १५-१९ | १२५ | ९.८४ | १७० | १०.६९ | २९५ | १०.३१ |
| २०-२४ | १२५ | ९.८४ | १३० | ८.१७ | २५५ | ८.९१ |
| २५-२९ | ११० | ८.६६ | १६८ | १०.५६ | २७८ | ९.७२ |
| ३०-३४ | १३० | १०.२३ | १६० | १०.०६ | २९० | १०.१३ |
| ३५-३९ | १२५ | ९.८४ | १५० | ९.४३ | २७५ | ९.६१ |
| ४०-४४ | १२० | ९.४४ | १४० | ८.८० | २६० | ९.०९ |
| ४५-४९ | ९१ | ७.१६ | १३० | ८.१७ | २२१ | ७.७२ |
| ५०-५४ | ५० | ३.९३ | ७० | ४.४० | १२० | ४.१९ |
| ५५-५९ | ४० | ३.१४ | ५० | ३.१४ | ९० | ३.१४ |
| ६०-६४ | ३२ | २.५१ | ४० | २.५१ | ७२ | २.५१ |
| ६५-६९ | १८ | १.४१ | २२ | १.३८ | ४० | १.३९ |
| ७०-७४ | ४ | ०.३१ | ६ | ०.३७ | १० | ०.३४ |
| ७५ देखि माथि | ५ | ०.३९ | ४ | ०.२७ | ९ | ०.३१ |
| जम्मा | १२७० | १०० | १५९० | १०० | २८६० | १०० |

स्रोत : गाउँपालिकाको प्रोफाइल, २०७४

चित्र नं. १ : उमेरगत जनसंख्याको विवरण



माथिको तालिका र चित्रअनुसार अध्ययन गरिएको जनसंख्या मध्ये पुरुष र महिला बीचमा जनसांख्यिकीय विवरणमा खासै फरक देखिदैन । नेपालको कूल जनसंख्या मध्ये पुरुषको भन्दा महिलाको जनसंख्या बढी भएको तथ्याङ्क विभागले जनाएको छ तर समग्रमा हेर्दा अध्ययन क्षेत्रका महिला र पुरुषको जनसंख्यामा भने खासै फरक पाइन्न । यसो हुनमा सानो क्षेत्रमा गरिएको अध्ययनले गर्दा पनि खासै फरक नभएको हुन सक्छ ।

## ४.६ गाउँपालिकामा रहेका घरमूलीको स्थिति


यस गाउँपालिकामा घरमूली प्राय पुरुष नै रहेको र घरका सम्पूर्ण व्यवहार अनि सम्पत्ति माथि पुरुषकै पहुँच रहेको पाइयो । समाजमा पितृसत्तात्मक कायम नै रहेको पाइयो । यहाँ पुरुषहरू घर बाहिर आयआर्जन र रोजगारीको क्षेत्रमा संलग्न रहेको देखियो भने थोरै मात्रामा महिला आयआर्जनको क्षेत्रमा सरिक रहेको देखियो । धेरै महिलाहरूले घरभित्रको काम, बालबच्चा र परिवारको हेरचाह गर्ने गरेको पाइयो भने केही महिला घरमूली रहेको, त्यस्ता महिलाहरू आयआर्जनमा लागेका शिक्षित महिला भेटियो । यसबाट के भन्न सकिन्छ भने बिरुवा गाउँपालिकामा पितृसत्ता कायमै रहेको देखियो । जसलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं २ : लिङ्गको आधारमा घरमूलीको अवस्था**

| लिङ्ग | घर संख्या | प्रतिशत |
|---|---|---|
| पुरुष | ४४४ | ८२.२२ |
| महिला | ९६ | १७.७८ |
| जम्मा | ५४० | १०० |

स्रोत : गाउँपालिकाको प्रोफाइल, २०७४

चित्र नं. २ : लिङ्गको आधारमा घरमूलीको अवस्था




माथिको तालिका र चित्रअनुसार बिरुवा गाउँपालिकामा रहेका जम्मा ५४० घरधुरीका आधारमा पुरुष घरमूलीको स्थिति ८२.२२ प्रतिशत र महिलाको १७.७८ प्रतिशत रहेको छ । यसले के देखाउछ भने बिरुवा गाउँपालिकामा पनि महिलाको स्थिति पुरुषको तुलनामा न्यून रहेको छ। यहाँ घरधूरी भनेको घरको मूल मान्छे वा पाको मान्छे मात्र नभई घरभित्र हुने विभिन्न क्रियाकलापहरू सामाजिक संस्था, राजनैतिक संस्थामा पनि उसको निर्णायक भूमिका रहन्छ भन्ने पनि हो ।

## ४.७ जातजाति अनुसार जनसंख्याको वितरण


यस वडामा ८ भन्दा बढी जातजातिका मानिसहरू बसोबास गरेको पाइन्छ । तिनीहरूमा क्षेत्री, ब्राह्मण, मगर, कामी, गुरुङ, दमाई, सार्की, घर्ती र अन्य रहेका छन् । जसलाई तालिका ४ मा प्रस्तुत गरिएको छ ।

### तालिका नं. ३ : जात जाति अनुसार जनसंख्याको वितरण

| जातियता | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| क्षेत्री | २५३ | १९.९२ | ३३८ | २१.२५ | ५९१ | २०.६६ |
| ब्राह्मण | ७५ | ५.९० | ९७ | ६.१० | १७२ | ६.०१ |
| मगर | ५५१ | ४३.३८ | ६६८ | ४२.०१ | १२१९ | ४२.६२ |
| कामी | १३९ | १०.९४ | १७४ | १०.९४ | ३१३ | १०.९४ |
| गुरुङ | १८९ | १४.८८ | २३२ | १४.५९ | ४२१ | १४.७२ |
| दमाई | १९ | १.४९ | २० | १.२५ | ३९ | १.३६ |
| सार्की | ११ | ०.८६ | २२ | १.३८ | ३३ | १.१५ |
| घर्ती | १६ | १.२५ | १६ | १.०० | ३२ | १.११ |
| अन्य | १७ | १.३३ | २३ | १.६३ | ४० | १.३९ |
| जम्मा | १२७० | १०० | १५९० | १०० | २८६० | १०० |

स्रोत : गाउँपालिका प्रोफाइल, २०७४

### चित्र नं. ३ : जात जाति अनुसार जनसंख्याको वितरण



यस गाउँपालिकामा जातिका आधारमा सबैभन्दा धेरै जनसंख्या मगर र क्षेत्रीको जनसंख्या क्रमशः ४२.६२ र २०.६६ प्रतिशत रहेको पाइयो । त्यसपछि क्रमश गुरुङ, कामी, ब्राह्मण, अन्य, दमाई र सार्कीको रहेको देखिन्छ ।

## ४.८ धर्मको आधारमा जनसंख्याको विवरण


यस गाउँपालिकामा ३ वटा धर्मालम्बीहरू बसोबास गरेको देखिन्छ । जसलाई तलको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

**तालिका नं. ४ : धर्मका आधारमा जनसंख्याको विवरण**

| धर्मका आधारमा | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| हिन्दु | ९१७ | ७२.२० | १२४१ | ७८.०५ | २१५८ | ७५.४५ |
| बौद्ध | ३४१ | २६.८५ | ३३७ | २१.१९ | ६७८ | २३.७० |
| इसाई | १२ | ०.९४ | १२ | ०.७५ | २४ | ०.८३ |
| जम्मा | १२७० | ४४.४० | १५९० | ५५.६० | २८६० | १०० |

स्रोत : गाउँपालिका प्रोफाइल, २०७४

**चित्र नं. ४ : धर्मका आधारमा जनसंख्याको विवरण**



यस गाउँपालिकामा विभिन्न धर्म मान्ने मानिसहरू छन् । यस गाउँपालिकामा हिन्दु धर्म मान्ने मानिसहरू ७५.४५ प्रतिशत रहेका छन् भने लगभग २३.७० प्रतिशतले बौद्ध धर्म मान्ने गरेको पाइयो भने इसाई धर्म मान्ने जनसंख्या करिब ०.८३ प्रतिशत रहेको देखिन्छ ।

## ४.९ महिलाहरूको उमेरगत शैक्षिक विवरण

यो अध्ययन बिरुवा गाउँपालिका वडा नं. १ मा बसोबास गर्ने महिलाको शिक्षाको स्थिति कस्तो रहेको छ भनेर थाहा पाउनका लागि गरिएको हो । अनुसन्धानकर्ताको अध्ययनका आधारमा हेर्दा समयको परिवर्तनसँगै महिलाको शिक्षामा पनि केही परिवर्तन आउन थालेको पाइयो । उनीहरूको उमेर अनुसार आर्थिक स्तर र परिवारको प्रकृति अनुसार फरक फरक शैक्षिक अवस्था रहेको पाइयो । जसलाई तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ५ : महिलाहरुको उमेरगत शैक्षिक विवरण**

| उमेर समूह | साक्षर मात्र | | | | | | निरक्षर मात्र | | | | | | कुल जनसंख्या | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पु. | % | म. | % | जम्मा | % | पु | % | म | % | जम्मा | % | पु | % | म. | % | जम्मा | % |
| ४ वर्षभन्दा कम | १५ | १.४४ | ३० | ३.०१ | ४५ | २.२१ | २० | ८.६२ | २० | ३.३५ | ४० | ४.८३ | ३५ | २.७५ | ५० | ३.१४ | ८५ | २.९७ |
| ५-१४ उमेर समूह | २५० | २४.०८ | २८० | २८.१६ | ५३० | २६.०८ | १० | ४.३१ | २० | ३.३५ | ३० | ३.६२ | २६० | २०.४७ | ३०० | १८.८६ | ५६० | १९.५८ |
| १५-४४ उमेर समूह | ६३६ | ६१.२७ | ६०६ | ६०.९६ | १२४२ | ६१.१२ | ९९ | ४२.६७ | ३१२ | ५२.३४ | ४११ | ४९.६३ | ७३५ | ५७.८७ | ९१८ | ५७.७३ | १६५३ | ५७.७९ |
| ४५-५९ | ११३ | १०.८८ | ६७ | ६.७४ | १८० | ८.८५ | ६८ | २९.३१ | १८३ | ३०.७० | २५१ | ३०.३१ | १८१ | १४.२५ | २५० | १५.७२ | ४३१ | १५.०६ |
| ६० भन्दा माथि | २४ | २.३१ | ११ | १.१० | ३५ | १.७२ | ३५ | १५.०८ | ६१ | १०.२३ | ९६ | ११.५९ | ५९ | ४.६४ | ७२ | ४.५२ | १३१ | ४.५८ |
| जम्मा | १०३८ | ८१.७३ | ९९४ | ६२.५१ | २०३२ | १०० | २३२ | १८.२६ | ५९६ | ३७.४८ | ८२८ | १०० | १२७० | ४४.४० | १५९० | ५५.५९ | २८६० | १०० |

स्रोत : गाउँपालिका प्रोफाइल, २०७४

यस गाउँपालिकाको साक्षरताको अवस्था हेर्दा ६० वर्षभन्दा माथि उमेर समूहका मानिसहरू वढी मात्रामा निरक्षर रहेको पाइयो भने त्यसपछि ४६-६० र ६-१५ उमेर समूहका निरक्षर रहेको देखिन्छ । जसलाई तालिकाबाट प्रस्ट पारिएको छ । ६ वर्षदेखि माथिका उमेर समूहका करिब २८.९५ प्रतिशत जनसंख्या मात्र निरक्षर रहेको देखिन्छ । राष्ट्रिय साक्षरताको आँकडासँग तुलना गर्दा यस गाउँपालिकामा साक्षरताको अवस्था सन्तोषजनक देखिन्छ । साक्षरता ७१.०४ प्रतिशत रहको छ ।

## ४.१० शैक्षिक स्तरको विवरण


यो अध्ययन बिरुवा गाउँपालिका वडा नं. १ मा बसोबास गर्ने महिलाको शिक्षाको स्थिति कस्तो रहेछ भनेर थाहा पाउनका लागि गरिएको हो । अनुसन्धानकर्ताको अध्ययनको आधारमा हेर्दा समयको परिवर्तनसँगै महिलाको शिक्षामा पनि केही परिवर्तन आउन थालेको पाइयो । उनीहरूको उमेर अनुसार, आर्थिक स्थिति अनुसार र परिवारको प्रकृति अनुसार फरक-फरक शैक्षिक अवस्था रहेको पाइयो । जसलाई तालिका ६ मा उल्लेख गरेको छ ।

**तालिका नं. ६ : शैक्षिक स्तरको विवरण**

| शैक्षिक अवस्था | पुरुष | प्रतिशत | महिला | प्रतिशत | जम्मा |
|---|---|---|---|---|---|
| एस.एल.सी. सो सरह | २४६ | ५८.८५ | १४६ | ५९.५९ | ३९२ |
| आइ. ए. वा सो सरह | १०६ | २५.३५ | ७६ | ३१.०२ | १८२ |
| स्नातक वा सो सरह | ५३ | १२.६७ | २० | ८.१६ | ७३ |
| स्नातकोत्तर वा सो सरह | ११ | २.६३ | ३ | १.२२ | १४ |
| विद्यावारिधी | २ | ०.४७ | ० | ० | २ |
| जम्मा | ४१८ | १०० | २४५ | १०० | ६६३ |

स्रोत : गाउँपालिका प्रोफाइल, २०७४

चित्र नं. ५ : शैक्षिक स्तरको विवरण




माथिको तालिका र चित्रअनुसार यस गाउँपालिकामा जनसंख्याको अनुपातमा र अन्य गाउँपालिकाको तुलनामा उच्च शिक्षा हासिल गर्नेको संख्या न्यून रहेको देखिन्छ । गाउँपालिकामा ४० प्रतिशत जनसंख्या एस.एल.सी. वा सोभन्दा माथिको शिक्षा प्राप्त गरेको देखिन्छ । यसबाट के कुरा प्रष्ट पार्न सकिन्छ भने गाउँपालिकाले उच्च शिक्षामा बढी जोड दिई उच्च शिक्षा अध्ययन गर्न चाहने युवाहरूलाई प्रोत्साहित गर्न छात्रवृत्ति वा अन्य सहयोगको व्यवस्था गर्नु उपर्युक्त हुन्छ । खास गरी दलित समुदाय, जनजाति समुदाय र सबै समुदायका महिलालाई उच्च शिक्षाको पहुँच पुऱ्याउन पहल गर्नु पर्दछ ।

# अध्याय पाँच

# महिलाको शैक्षिक स्थिति र शिक्षाप्रतिको धारणा

यस अध्यायमा महिलाको शैक्षिक अवस्था के कस्तो छ, त्यसैगरी महिला पुरुषबीचको शैक्षिक अवस्था र शिक्षाका आधारमा महिलाले गर्ने पेशाको बारेमा व्याख्या गरिएको छ । त्यसै गरी महिलाको शिक्षा प्रतिको धारणाको बारेमा व्याख्या गरिएको छ । महिलाको शिक्षा प्रतिको धारणाको बारेमा बुझ्नको लागि वैयक्तिक अध्ययनको पनि यस अध्यायमा चर्चा गरिएको छ ।

## ५.१ उमेर समूह अनुसारको विवरण


यस अध्ययनमा ५४ जना महिलाहरूलाई उत्तरदाताको रूपमा लिइएको छ । जसमा उनीहरूबाट व्यक्तिगत विवरणका साथै घरपरिवारसम्म शैक्षिक तथ्यहरू संकलन गरिएको छ । उत्तरदाताहरूको संख्यालाई पाँच वर्ष उमेर समूहअनुसार शैक्षिक स्तर तथा शिक्षा प्रतिको धारणामा फरक-फरक हुने गर्दछ । यसले गर्दा अध्ययनको क्रममा पनि विभिन्न उमेर समूहका मानिसहरूसँग छलफल गरी सूचना संकलन गरिएको छ ।

**तालिका नं. ७ : उमेर समूह अनुसारको विवरण**

| उमेर समूह | संख्या | प्रतिशत |
|---|---|---|
| १५-१९ | ३ | ५.५५ |
| २०-२४ | ४ | ७.४० |
| २५-२९ | ५ | ९.२५ |
| ३०-३४ | ७ | १२.९६ |
| ३५-३९ | ६ | ११.११ |
| ४०- ४४ | ६ | ११.११ |
| ४५ -४९ | १० | १८.५१ |
| ५०- ५४ | ६ | ११.११ |
| ५५-५९ | ५ | ९.२५ |
| ६० सम्म | २ | ३.७० |
| जम्मा | ५४ | १०० |

स्रोत : अध्ययन क्षेत्रको सर्वेक्षण, २०७५

चित्र नं. ६ : उमेर समूह अनुसारको विवरण




माथिको तालिका र चित्रअनुसार सबैभन्दा वढी उत्तरदाताहरू ४५-४९ वर्षको समूहमा छन् । जम्मा ५४ जना उत्तरदाता मध्ये १८.५१ प्रतिशत उत्तरदाताहरू ४५-४९ वर्षको उमेर समूहका छन् भने ३५-३९, ४०-४४ र ५०-५४ वर्ष उमेर समूहमा ११.११ प्रतिशत रहेका छन् । सबैभन्दा कम उत्तरदाताहरू १५-१९ र ६०+ को उमेर समूहका छन् ।

## ५.२ वैवाहिक अवस्था


यस अध्ययनमा उत्तरदाताहरूको वैवाहिक स्तरलाई विवाहित र अविवाहित गरि दुई समूहमा वर्गीकरण गरिएको छ ।

तालिका नं. ८ : वैवाहिक अवस्था

| वैवाहिक स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| अविवाहित | ६ | ११.११ |
| विवाहित | ४८ | ८८.९ |
| जम्मा | ५४ | १०० |

स्रोत : अध्ययन क्षेत्रको सर्वेक्षण २०७५

चित्र नं. ७ : वैवाहिक अवस्था




माथिको तालिका र वृत्तचित्रअनुसार अधिकतम उत्तरदाताहरू ८८.९ प्रतिशत विवाहित छन् भने थोरै ११.११ प्रतिशत उत्तरदाताहरू अविवाहित छन् । किनभने समाजमा महिलाहरूलाई सानै उमेरमा विवाह गरिदिने कारण विवाहित महिलाहरूको संख्या वढी देखिन्छ । त्यसैगरी उत्तरदातापनि १५ वर्ष भन्दा माथिका भएका कारणले गर्दा पनि यसो भएको देखिन्छ भने समाजमा थोरै मात्र महिलाहरूले शिक्षा आर्जन गरी सकेपछि विवाह हुने गरेको कम मात्र पाइयो जसले गर्दा अविवाहित महिला संख्या कम पाइयो । जसबाट के कुरा थाहा पाउन सकिन्छ भने विवाहका कारणले महिलाको शैक्षिक स्तर फरक रहन सक्छ । अझ भन्ने हो भने विवाह र उमेरको बीचको सम्बन्ध पनि देखिन्छ ।

## ५.३ साक्षरता स्तर


यस अध्ययनको मुख्य उद्देश्य गाउँपालिकाका महिलाहरूको शैक्षिक अवस्था पत्ता लगाउने भएकाले साक्षरताको विवरण प्रस्तुत गर्ने गरिएको छ । छानिएका ५४ उत्तरदाताको साक्षरता स्तर यस्तो देखिन्छ ।

तालिका नं. ९ : साक्षरता स्तर

| साक्षरता स्तर | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षरता | ४९ | ९०.७४ |
| निरक्षरता | ५ | ९.३ |
| जम्मा | ५४ | १०० |

स्रोत : अध्ययन क्षेत्रको सर्वेक्षण, २०७५

चित्र नं. ८ : साक्षरता स्तर




तालिका अनुसार ५४ जना उत्तरदाताहरू मध्ये ९०.७४ प्रतिशत साक्षर र ९.३ प्रतिशत उत्तरदाताहरू निरक्षर रहेको पाइयो । अझै पनि यस गाउँपालिका वडा नं. १ का महिला केही रूपमा निरक्षर देखिए पनि समग्र नेपालको साक्षरता दर भन्दा त्यहाँको महिलाहरूको साक्षरता प्रतिशत धेरै नै देखिन्छ ।

## ५.४ साक्षरता प्राप्त गर्ने स्रोतको विवरण

यस अध्ययन क्षेत्रका महिलाहरूको साक्षरतको प्रमुख स्रोतको रूपमा औपचारिक र अनौपचारिक दुई किसिमको शिक्षा प्रणाली पाइयो । औपचारिक संस्था भन्नाले विद्यालय र कलेजसँगको सम्बन्धलाई बुझाउँछ भने अनौपचारिक श्रोत अन्तर्गत प्रौढ शिक्षा,


घरपरिवारका सदस्यहरूको मद्दतबाट साक्षरता प्राप्त गरेको शिक्षालाई बुझाउँछ । अध्ययन क्षेत्रका जम्मा ५४ उत्तरदातामध्ये ५ जना निरक्षर छन भने बाँकी ४९ जना उत्तरदाता साक्षर भएका छन् ।

**तालिका नं. १० : साक्षरता प्राप्त गर्ने स्रोतको विवरण**

| साक्षरता स्तर | संख्या | प्रतिशत |
| --- | --- | --- |
| अनौपचारिक | १७ | ३४.७ |
| औपचारिक | ३२ | ६५.३ |
| जम्मा | ४९ | १०० |

स्रोत : अध्ययन क्षेत्रको सर्वेक्षण, २०७५

**चित्र नं. ९ : साक्षरता प्राप्त गर्ने स्रोतको विवरण**




बिरुवा गाउँपालिका वडा नं. १ अन्तरर्गत पर्दछ । यहाँका महिलाहरूले आफ्नो प्रारम्भिक शिक्षालाई निरन्तरता दिन नसकेपनि ५४ जना महिलाहरू मध्ये ४९ जना साक्षर छन् । जसमा साक्षरताको ठूलो मात्रामा ३२ जना अर्थात ६५.३ प्रतिशत महिलाहरू औपचारिक माध्यमबाट र १७ जना अर्थात ३४.७ प्रतिशत महिला अनौपचारिक माध्यमबाट साक्षर भएको देखिएको छ । अनौपचारिक साक्षर हुनेहरूमा विशेषत ३० देखि ५० वर्ष उमेर

समूहका महिला र त्यसमा पनि निम्न मध्यमवर्गीय परिवारका महिला रहेको पाइयो । यसरी हेर्दा के देख्न सकिन्छ भने शिक्षा सामाजिक वर्गसँग सम्बन्धित रहेको देखिन्छ । कसले शिक्षा लिने कसले नलिने भन्ने कुरा सामाजिक वर्गले पनि निर्धारण गर्ने गरेको पाइयो ।

## ५.५ परिवारको प्रकृतिको आधारमा महिलाको शैक्षिक अवस्था


अध्ययन क्षेत्रमा महिलाको सामाजिक अवस्थालाई एकल परिवार र संयुक्त परिवारमा विभाजन गरिएको छ । परिवारको आकारले पनि महिलाको निर्णय प्रक्रियादेखि सन्तानको शिक्षा दिक्षा के कस्तो गर्ने विषयहरूमा निर्भर रहने हुँदा अध्ययन क्षेत्रका महिलाको परिवारको किसिमको आधारमा महिलाको शैक्षिक विवरणलाई विश्लेषण गर्ने प्रयास गरिएको छ । जसलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ११ : परिवारको प्रकृतिको आधारमा महिलाको शैक्षिक अवस्था**

| शैक्षिक अवस्था | एकल परिवार | | संयुक्त परिवार | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| निरक्षर | ३ | १६.६७ | १५ | ८३.३३ | १८ | १००.०० |
| साक्षर | १ | १४.२८ | ६ | ८५.७१ | ७ | १००.०० |
| प्रा.वि. | ४ | ३६.३६ | ७ | ६३.६३ | ११ | १००.०० |
| नि.मा.वि. | २ | ३३.३४ | ४ | ६६.६६ | ६ | १००.०० |
| मा.वि. | ३ | ४२.८५ | ४ | ५७.१४ | ७ | १००.०० |
| उच्च मा.वि. | २ | ६६.६६ | १ | ३३.३३ | ३ | १००.०० |
| स्नातक | १ | ५० | १ | ५० | २ | १००.०० |
| जम्मा | १६ | २९.६२ | ३८ | ७०.३७ | ५४ | १००.०० |

श्रोत : स्थलगत घरधुरी सर्वेक्षण २०७५

चित्र नं. १० : परिवारको प्रकृतिको आधारमा महिलाको शैक्षिक अवस्था




माथिको तालिका र स्तम्भ चित्रअनुसार यस अध्ययन क्षेत्रमा लिइएको ५४ घरधुरी सर्वेक्षणका आधारमा हेर्दा वर्तमान परिवर्तित समयमा बढ्दै गएको एकल परिवारप्रतिको आकर्षण यस अध्ययन क्षेत्रमा पनि पाइयो । विभिन्न अध्ययनहरूले एकल परिवारका महिलाको स्थिति संयुक्त परिवारका महिलाको भन्दा सबल हुने कुरा उल्लेख गरेको पाइए पनि यो अध्ययन क्षेत्रमा महिलाहरूको शैक्षिक स्तर एकल परिवारका महिलाहरूको भन्दा संयुक्त परिवारका महिलाहरूको नै थोरै मात्रामा भएपनि उच्च रहेको पाइयो । यसको कारण संयुक्त परिवारका महिलाको काममा अन्य सदस्यले पनि सघाँउने हुँदा महिलालाई पढ्नका लागि समयको बचत हुने गर्दछ । तर एकल परिवारका महिलाले सम्पूर्ण काम एक्लैले समाल्नुपर्ने भएकाले गर्दा पढ्न नपाएको बताए । यसरी हेर्दा परिवारको प्रकृतिले पनि महिला शिक्षालाई प्रभाव पारेको देखिन्छ । एकल परिवारका महिलाको जिम्मेवारी संयुक्त परिवारका महिलाको भन्दा बढी हुने गर्दछ ।

## ५.६ पेशाका आधारमा महिला साक्षरता स्तरको विवरण

शिक्षा र आर्थिक तत्त्व एक अर्कासँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले राम्रो आर्थिक स्रोतका आधारमा व्यक्तिले उपयुक्त शिक्षा प्राप्त गर्ने र प्राप्त गरेको शिक्षा ज्ञानका आधारमा व्यक्तिले दैनिक जीवनका विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दछन् । यस अध्ययन क्षेत्रमा


महिलाले पनि आफूले प्राप्त गरेको शिक्षाका आधारमा विभिन्न पेशामा संलग्न भएका छन् । जसमा विभिन्न पेशासँग संलग्न भएका महिलाको अवस्था तालिका १२ मा देखाइएको छ ।

**तालिका नं. १२ : पेशाका आधारमा महिला साक्षरता स्तरको विवरण**

| पेशा | साक्षरता संख्या | प्रतिशत | निरक्षर संख्या | प्रतिशत |
|---|---|---|---|---|
| कृषि | ४० | ८१.६ | ५ | १०० |
| व्यापार | ७ | १४.३ | - | - |
| नोकरी | २ | ४.१ | - | - |
| जम्मा | ४९ | १०० | ५ | १०० |

स्रोत : अध्ययन क्षेत्रको सर्वेक्षण, २०७५

**चित्र नं. ११ : पेशाका आधारमा महिला साक्षरता स्तरको विवरण**




माथिको तालिका र स्तम्भ चित्रका अनुसार अध्ययन क्षेत्रका महिलाले आफूसँग भएको ज्ञान र शिक्षाका आधारमा विभिन्न पेशामा संलग्न भएका छन् । तालिकामा देखाइए अनुसार शिक्षाले पनि व्यक्तिले गर्ने पेशामा प्रभाव पारेको देखियो । तालिका अनुसार सबै निरक्षर महिलाले कृषि पेशामा नै लागेको देखिन्छ भने ८१.६ प्रतिशत साक्षर महिलाले पनि कृषि व्यवसायको अँगालेको पाइयो । व्यापार र नोकरीमा लाग्ने साक्षर महिलाहरू क्रमश: १४.३ र ४.१ प्रतिशत रहेको देखियो । यसले के देखाउँछ भने शिक्षाले महिलाको

भूमिकालाई विविधिकरण गर्नुका साथै जीविकोपार्जन गर्ने माध्यमलाई विस्तृत गराउँदो रहेछ । उदाहरणका लागि नपढेका महिला कृषि र घरपरिवारमा सिमित छन् भने शिक्षित महिला घरपरिवार र कृषि बाहेक अन्य पेशामा संलग्न रहेका छन् । यस अध्ययनमा पनि बिरुवाका महिलाहरूको शैक्षिक स्तरलाई तिनै तहका आधारमा व्याख्या गरिएको छ ।

## ५.७ शैक्षिक तह अनुसार विवरण


कुनै व्यक्तिले उत्तीर्ण गरेको तहलाई शैक्षिक तह भनिन्छ । शैक्षिक तहलाई प्राथमिक, नि.मा.वि., मा.वि. र अनौपचारिक गरी ५ तहमा विभाजन गरिएको छ ।

**तालिका नं. १३ : शैक्षिक तह अनुसार विवरण**

| शैक्षिक तह | संख्या | प्रतिशत |
|---|---|---|
| प्राथमिक | १४ | २८.६ |
| नि.मा.वि | १० | २०.४ |
| मा.वि. | ५ | १०.२ |
| उ.मा.वि. | ३ | ६.१ |
| अनौपचारिक | १७ | ३४.७ |
| जम्मा | ४९ | १०० |

स्रोत : अध्ययन क्षेत्रको सर्वेक्षण, २०७५

**चित्र नं. १२ : शैक्षिक तह अनुसार विवरण**



माथिको तालिका र वृत्त चित्रअनुसार ३२ जना ६५.३ प्रतिशत महिलाहरूले औपचारिक शिक्षा हासिल गरेका छन् भने १७ जना अर्थात ३४.७ प्रतिशत महिलाले अनौपचारिक शिक्षा हासिल गरेका छन् । प्राथमिक तह उत्तीर्ण महिला २८.६ प्रतिशत रहेका छन् भने नि.मा.वि. उत्तीर्ण महिलाहरू २०.४ प्रतिशत छन् । त्यसैगरी मा.वि. तह सफल महिलाहरू १०.२ प्रतिशत तथा सो तहभन्दा माथि सफल हुने महिलाहरूको प्रतिशत सबैभन्दा कम अर्थात् ६.१ देखिन्छ । यसरी हेर्दा माथिल्लो योग्यता हासिल गर्ने महिलाहरूको संख्या क्रमश कम हुँदै गएको देखिन्छ ।

## ५.८ जातजाति अुनसार शैक्षिक स्तरको विवरण

विभिन्न जातजाति अनुसार सामाजिक, आर्थिक र जनसाङ्ख्यिक अवस्थाहरू हुन्छन् । जीवनशैली पनि फरक फरक हुने गर्दछ । जातजातिका आ आफ्नै संस्कार र जीवनशैलीले तिनीहरूको शैक्षिक अवस्थामा पनि प्रभाव पार्ने गर्दछ ।

**तालिका नं. १४ : जातजाति अनुसार शैक्षिक स्तरको विवरण**

| शैक्षिक तह | ब्राहमण | क्षेत्री | मगर | गुरुङ | दमाई | कामी | सार्की | घर्ती | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रा.वि. | ३ | ३ | २ | १ | १ | १ | २ | २ | - | १५ |
| नि.मा.वि | ३ | १ | १ | २ | - | - | १ | - | - | ८ |
| मा.वि | १ | ३ | १ | - | - | - | - | १ | २ | ८ |
| उ.मा.वि. | - | - | १ | - | - | - | - | - | - | १ |
| अनौपचारिक | ६ | ४ | १ | १ | १ | १ | २ | - | १ | १७ |
| जम्मा | १३ | ११ | ६ | ४ | २ | २ | ५ | ३ | ३ | ४९ |

स्रोत : अध्ययन क्षेत्रको सर्वेक्षण, २०७५

तालिका १४ अनुसार ब्राहमण जातिका १३ साक्षर महिला मध्ये सबैभन्दा बढी ६ जनाले अनौपचारिक शिक्षा लिएका छन् भने नि.मा.वि. तह उत्तीर्ण गर्ने ३ जना र मा.वि. तह सफल हुने १ जना महिला रहेका छन् । त्यसैगरी क्षेत्री, मगर समुदायका महिलाहरू मध्ये अनौपचारिक शिक्षा प्राप्त गर्ने ५ जना छन् भने प्रावि.नि.मा.वि. मा.वि सफल हुने महिला क्रमश ५, २, ४ देखिन्छन् । त्यसैगरी गुरुङ, दमाई, कामी र अन्य जातजातिको शैक्षिक विवरण उल्लेखित तालिकाले प्रस्ट पारेको छ ।

## ५.९ बीचमा नै पढाइ छाड्ने विवरण


कुनै पनि व्यक्तिको शिक्षा कस्तो हुने भन्ने कुरा उक्त व्यक्ति रहेको समाजको सामाजिक वातावरणले निर्धारण गर्ने गर्दछ । समाजका व्यक्तिहरू परम्परागात मूल्य मान्यतामा विश्वास गर्ने खालका छन् भने उनीहरूले आफ्नो समाजमा त्यही अनुसारको शिक्षाको विकास गर्ने गर्दछन् । यस अध्ययन क्षेत्रमा महिलाहरूले विभिन्न कारणले गर्दा आफ्नो पढाइलाई निरन्तरता दिन सकेका छैनन् । जसमा धेरै कारणहरू छन्, जसमध्ये प्रमुख कारणहरू निम्न छन् ।

**तालिका नं. १५ : बीचमै पढाइ छाड्नु पर्ने कारणहरूको विवरण**

| तह | संख्या | प्रतिशत |
|---|---|---|
| विवाहको कारण | ६ | ५४.४ |
| घरको कामले | २ | १८.२ |
| अनुत्तीर्ण हुनाले | २ | १८.२ |
| टाढा धाउनु पर्नाले | १ | ९.१ |
| जम्मा | ११ | १०० |

स्रोत : अध्ययन क्षेत्रको सर्वेक्षण, २०७५

**चित्र नं. १३ : बीचमै पढाइ छाड्नु पर्ने कारणहरूको विवरण**



माथिको तालिका र वृत्त चित्रअनुसार सबैभन्दा वढी पढाइ छाड्नु पर्ने कारण सानै उमेरमा विवाह गर्ने चलनले गर्दा र विवाह पछि बुहारीले पनि पढ्नु पर्छ भन्ने मान्यता नभएकोले गर्दा अथवा समाजमा बुहारी पढ्न गएकोमा नराम्रो मान्ने चलनले गर्दा पनि बीचैमा स्कुल ५४.४ प्रतिशतले छाडेको देखियो । अध्ययन क्षेत्रमा सबैभन्दा बढी पढाइ छाड्ने कारण विवाह भएको पाइयो । विवाहपछि विभिन्न समस्याले गर्दा महिलाहरूले आफ्नो पढाइलाई निरन्तरता दिन नपाएको कुरा अन्तर्वार्ताबाट थाहा पाइयो । घरको कामकाजले र अनुत्तीर्ण भएर पढाइ छाड्नेको संख्या एउटै अर्थमा १८.२ प्रतिशत छ भने टाढा धाउनु पर्ने बाध्यताले ९.१ प्रतिशत महिलाले बीचैमा पढाइ छाडेका छन् ।

## ५.१० जातजातिको आधारमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरूको विवरण


विभिन्न जातजातिका आ आफ्नै संस्कार, चालचलन, रीतिरीवाज जीवनशैली आदि निर्धारण भएको हुन्छ । यस्ता क्रियाकलापले बीचैमा पढाइ छाड्ने कुरालाई प्रभाव पारिरहेको हुन्छ ।

**तालिका नं. १६ : जातजातिको आधारमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरूको विवरण**

| जातजाति | संख्या | प्रतिशत |
|---|---|---|
| मगर | ४ | ३६.३६ |
| ब्राह्मण | ३ | २७.२७ |
| क्षेत्री | - | - |
| कामी | - | - |
| गुरुङ | १ | ९.०९ |
| दमाई | - | - |
| सार्की | १ | ९.०९ |
| घर्ती | १ | ९.०९ |
| अन्य | १ | ९.०९ |
| जम्मा | ११ | १०० |

स्रोत : अध्ययन क्षेत्रको सर्वेक्षण, २०७५

चित्र नं. १४ : जातजातिको आधारमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरूको विवरण




माथिको तालिका र चित्रअनुसार बीचमै पढाइ छाड्ने जातजातिहरूमा मगर ३६.३६ र ब्राह्मण २७.२७ प्रतिशत पाइयो, यसरी पढाइ छाड्नुका पछाडि विभिन्न कारणहरूमा विवाह, परिवार, आर्थिक अवस्था र पेशाका कारण बीचैमा पढाइ छाड्नुपरेको उत्तरदाताहरू बताउँछन् । त्यसैगरी गुरुङ, सार्की, घर्ती र अन्यमा क्रमशः ९.०९ प्रतिशत जातजातिहरू रहेका छन् ।

## ५.११ पेशाका आधारमा बीचैमा विद्यालय छाड्ने उत्तरदाताहरूको विवरण


आफैले अँगालेको पेशाका कारण पनि बीचमै पढाइ छाड्नु पर्ने हुन्छ । यस अध्ययनमा यसलाई आधार मानि विश्लेषण गरिएको छ ।

तालिका नं. १७ : पेशाका आधारमा बीचमै विद्यालय छाड्ने उत्तरदाताहरूको विवरण

| आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|
| कृषि | ८ | ७२.७ |
| नोकरी | २ | १८.२ |
| व्यापार | १ | ९.१ |
| जम्मा | ११ | १०० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७५

चित्र नं. १५ : पेशाका आधारमा बीचमै विद्यालय छाड्ने उत्तरदाताहरूको विवरण




माथिको तालिका र चित्रअनुसार सबैभन्दा बढी कृषि पेशामा लाग्ने महिलाहरू मध्ये ७२.७ प्रतिशतले बीचमै पढाइ छाडेको देखिन्छ । भने पढाइ छाड्ने १८.२ प्रतिशतले नोकरी र ९.१ प्रतिशतले व्यापार गरेको पाइयो । कृषिका लागि काम गर्ने सङ्ख्या धेरै आवश्यक पर्ने हुँदा घरपरिवारका सदस्यहरुले पनि सघाउनु पर्ने हुँदा पढाइमा बाधा उत्पन्न हुने भएकाले पढाइ बीचैमा छाडेको देखिन्छ ।

## ५.१२ पारिवारिक आम्दानीका आधारमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरूको विवरण


पारिवारिक आम्दानीले पढाइलाई निरन्तरता दिने र नदिने कुरामा प्रत्यक्ष प्रभाव पारिराखेको हुन्छ । बेलाबेला शुल्कहरू तिर्ने, कापी किताबहरू किन्ने, खाजा, भाडा आदिमा पैसाको आवश्यकता पर्दछ । घरमा खान लाउन समस्या परेको बेला पढाइलाई निकै परको रूपमा लिइन्छ । यस अध्ययनमा आम्दानीका आधारमा बीचमै विद्यालय छाड्ने उत्तरदाता महिलाको विवरण यस्तो देखिन्छ ।

तालिका नं. १८ : पारिवारिक आम्दानीका आधारमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरूको विवरण

| आम्दानी | संख्या | प्रतिशत |
|---|---|---|
| ३००० भन्दा कम | ७ | ६३.६ |
| ३०००-५००० | ३ | २७.२७ |
| ५०००-१०००० | १ | ९.१ |
| १००००-१५००० | - | - |
| १५००० भन्दा माथि | - | - |
| जम्मा | ११ | १०० |

स्रोत : घरधुरी सर्वेक्षण, २०७५ ।

चित्र नं. १६ : पारिवारिक आम्दानीका आधारमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरूको विवरण




तालिका अनुसार धेरै महिलाहरू ६३.६ प्रतिशतको पारिवारिक आम्दानी ३००० भन्दा कम रहेको देखिन्छ । ३००० देखि ५००० मासिक आम्दानी हुने परिवारमा २७.२७ प्रतिशत महिलाले बिचमै पढाइ छाडेको देखिन्छ भने ५००० देखि १०००० आम्दानी हुने परिवारमा

९.१ प्रतिशत महिलाले पढाइ छाडेका छन् । मासिक आम्दानी १०००० देखि माथि हुने परिवारमा बिचमै पढाइ छाड्ने महिला भेटिएनन् ।

## ५.१३ उमेर अनुसार महिला शिक्षा प्रतिको सामाजिक धारणा

अध्ययन क्षेत्रका महिलाहरूमा शिक्षाप्रतिको बुझाइ फरक फरक रहेको पाइयो । यो समुदाय भित्र पनि छोरा र छोरी बीच अझै पनि शैक्षिक क्षेत्रमा भेदभाव गर्ने गरेको पाइयो । अनुसन्धान कर्ताले गरेको घरधूरी सर्वेक्षणमा एउटै घरका दिदी र भाइमा भाइ निजी विद्यालयमा पढ्ने र दिदी सरकारी विद्यालयमा पढ्ने गरेको पाइयो । समाजमा छोरीलाई धेरै शिक्षा चाहिदैन भन्ने धारणा राख्ने व्यक्ति पनि समाजमा रहेको पाइयो ।

यो समुदायमा हरेक क्रियाकलापमा पुरुषले नै निर्णय गर्ने गर्दछन् । समुदायको शिक्षा प्रति कस्तो धारणा रहेछ भनेर बुझ्नका लागि अनुसन्धान कर्ताले बुझ्न खोज्दा उत्तरदाता महिलाहरूले विभिन्न कारणले पढ्न नपाएको बताए । अध्ययन क्षेत्रका महिलासँग गरिएका कुराकानीका आधारमा ५५ प्रतिशतले पढ्दा पढ्दै विवाह भएको कारणले र विवाह पछि घरको काम गर्नु पर्ने भएका कारण पढाइलाई निरन्तरता दिन नपाएको बताए भने २० प्रतिशतले अनुर्तीण हुनाले र टाढा धाउनु पर्ने तथा आर्थिक अवस्था कमजोर भएका कारण पढ्न नपाएको बताए भने १० प्रतिशतले पारिवारिक कारणले पढाइलाई निरन्तरता दिन नपाएको बताए ।

शिक्षा प्रतिको बुझाइ विभिन्न उमेरका मानिसहरू बीच फरक फरक हुने गर्दछन् । अध्ययन क्षेत्रका महिलाहरूमा पनि शिक्षा प्रतिको धारणा फरक फरक रहेको पाइयो । अध्ययन क्षेत्रका महिलाहरूले शिक्षालाई कसरी र के कस्तो रूपमा बुझेका रहेछन् भन्ने कुरालाई तालिका १४ मा देखाइएको छ ।

तालिका नं. १९ : उमेर अनुसार महिला शिक्षा प्रतिको सामाजिक धारणा

| उमेर समूह | शिक्षित | संख्या | अशिक्षित | संख्या | जम्मा |
|---|---|---|---|---|---|
| बुढापाका (४०-६०) | चाहिन्छ | १० | चाहिदैन | ४ | १४ |
| युवायुवति (१५-३९) | चाहिन्छ | ४० | चाहिदैन | - | ४० |
| १५ देखि ६० | जम्मा | ५० | जम्मा | ४ | ५४ |

स्रोत : स्थलगत घरधुरी सर्वेक्षण, २०७५ ।

उमेर समूह अनुसार शिक्षित र अशिक्षित व्यक्तिपिच्छे शिक्षा प्रतिको बुझाइ फरक-फरक रहेको पाइयो । अशिक्षित र बुढापाका मध्येका ४ जनाले मात्र छोरीलाई धेरै शिक्षा चाहिदैन भने बाँकी १० जनाले चाहिने तर्क राखे । अध्ययन क्षेत्रका ४० जना युवायुवती महिलाहरूको शैक्षिक स्थिति फरक फरक भएपनि उनीहरूको शिक्षाप्रतिको धारणा भने समान पाइयो । उनीहरू सबैले शिक्षा चाहिन्छ नै भनेको पाइयो । अनुसन्धानकर्ताले लिएको जानकारी अनुसार छोरीलाई धेरै शिक्षा चाहिदैन भन्ने धारणा बुढाबूढीमा पनि पाइयो यसरी हेर्दा कुनै पनि व्यक्तिको विचार र बुझाइलाई प्रभाव पार्ने तत्त्व उसले आर्जन गरेको शिक्षा र उसको उमेर हो । उमेरको आधारमा पनि मानिसको विचार फरक-फरक पर्दो रहेछ । त्यसै गरी छोरीलाई पराईको सम्पत्तिको रूपमा हेरेको पाइयो । यस्तो धारणा समाजमा रहेकाले पनि महिलाको उच्च शिक्षामा बाधा गरेको पाइयो ।

# अध्याय : छ

# सारांश र निष्कर्ष

## ६.१ सारांश

स्याङ्जा जिल्ला बिरुवा गाउँपालिकाका महिलाको शैक्षिक अवस्था र शिक्षाप्रतिको धारणासम्बन्धी गरिएको यो शोधपत्र महिला शिक्षाप्रतिको समाजको धारणा पत्ता लाउने र महिला शिक्षालाई प्रभाव पार्ने विभिन्न चलहरुबिचको सम्बन्धलाई हेर्ने ध्येयका साथ गरिएको हो । लैङ्गिक सैद्धान्तिक दृष्टिको प्रयोग गरी गरिएको सो अनुसन्धानको मुख्य विषय महिलाहरुको शिक्षामा उपस्थितिका साथै उच्च शिक्षा बढ्दै जाँदा किन उनीहरुको सहभागिता न्यून देखिन्छ भन्ने हो । बिरुवा गाउँपालिका वडा नं. १ मा रहेका १५ देखि ६० वर्ष उमेर समूहका ५४ जना महिलाहरु नै यस अनुसन्धानको उत्तरदाताहरु हुन् । प्राथमिक तथ्याङ्क संकलनको लागि प्रश्नावली, अन्तर्वार्ता, अवलोकन र घरधुरी सर्वेक्षण जस्ता विधिहरुको प्रयोग गरिएको छ । प्राप्त प्राथमिक तथा द्वितीय तथ्याङ्कहरुलाई साधारण तथ्याङ्कीय पद्धतिअनुसार प्रतिशत, तालिका, बार ग्राफ र वृत्तचित्रमा देखाइएको छ । उत्तरदाताहरुको शैक्षिक अवस्था र आर्थिक अवस्थाको पनि विश्लेषण गरिएको छ । उत्तरदाताहरुलाई वैवाहिक अवस्थाअनुसार विभाजन गर्दा ४८ जना विवाहित र ६ जना अविवाहित रहेको पाइयो । त्यसैगरी उनीहरुको शिक्षालाई प्रभाव पार्ने तत्व परिवारको प्रकृतिअनुसार एकल परिवारमा १ र संयुक्त परिवारमा ७ जना साक्षर रहेको पाइयो । संयुक्त परिवारमा महिलाको काममा अन्य सदस्यले पनि सघाउने हुँदा उनीहरुको पढ्ने समय बचत हुने भएका यस्तो पाइयो । उत्तरदाताहरुलाई शैक्षिक तहअनुसार विभाजित गर्दा साक्षरको संख्या ४९ र निरक्षर ५ जना पाइयो । जसमा प्राथमिक तह हासिल गर्ने १४, नि.मा.वि. १०, मा.वि. ५, उ.मा.वि. ३ जना र अनौपचारिक तवरले शिक्षा हासिल गर्ने १७ जना पाइयो । उत्तरदाताहरुको जातजातिअनुसारको शैक्षिक विवरणमा १३ जना ब्राह्मण, क्षेत्री ११, मगर ६, गुरुङ ४, दमाई २, कामी २, सार्की ५, घर्ती ३ र अन्य ३ गरी ४९ जना साक्षर रहेको देखिन्छ । यसैगरी उत्तरदाताहरुले बीचमै पढाइ छाड्नुपर्ने कारणहरुमा ५४.४ प्रतिशत विवाहको कारणले देखियो भने १८.२ प्रतिशत घरको काम र अनुत्तीर्ण हुनाले र ९.१ प्रतिशत टाढा धाउनु पर्नाले देखियो । पारिवारिक आम्दानीका कारणमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरुको विवरणमा सबैभन्दा धेरै प्रतिशत अर्थात् ६३.६ प्रतिशत उत्तरदाताहरुको

मासिक आम्दानी ३००० भन्दा कम रहेको पाइयो भने १०००० भन्दा माथि आम्दानी हुने परिवारमा बीचमै पढाइ छाड्ने उत्तरदाताहरु भेटिएनन् । तथ्याङ्क र नतिजाको विश्लषण गर्दा ४० देखि ६० वर्षका शिक्षित र बुढापाकाले, महिला शिक्षा चाहिन्छ भन्नेमा १० र चाहिँदैन भन्नेमा ४ जना भेटिएको थियो जो अशिक्षित थिए । १५ देखि ३९ वर्षका युवायुवतीले ४० जनाले महिला शिक्षा चाहिन्छ भनेका थिए भने शून्य प्रतिशतले चाहिँदैन भनेका थिए ।

## ६.२ अध्ययनको निष्कर्ष

एक्काइसौं शताब्दीको आजको प्रतिस्पर्धात्मक युगमा अझै पनि नेपाली महिलाहरूको अशिक्षा, अस्वस्थता, रुढीवादी परम्परा, गरिबी र भेदभावमूलक व्यवहारले गर्दा समाजमा हरेक क्षेत्रमा शोषित, पीडित, उपेक्षित र असुरक्षित जीवनयापन गर्न बाध्य भएका छन् । नेपालको कूल जनसंख्याको आधाभन्दा बढी भाग ओगटेका महिला वर्गको उत्थान गर्ने र पुरुष सरह अगाडि बढाउन सकेमा देशको समग्र विकासमा ठूलो टेवा मिल्न सक्दछ । विकासको मूल प्रवाहमा महिला सहभागिता बढाउन सामाजिक, आर्थिक, शैक्षिक, राजनैतिक, कानूनी आदि सम्पूर्ण क्षेत्रमा उनीहरूको दक्षता वृद्धि गरी स्थानीय तहदेखि राष्ट्रिय तहसम्म निर्णायक भूमिका खेल्ने अवसर प्रदान गर्नका लागि उपयुक्त वातावरण र पूर्वाधार सिर्जना गर्नका लागि निम्न निष्कर्ष वा सुझावहरू प्रस्तुत गर्न सकिन्छ :

- यस अध्ययन क्षेत्रमा महिलाहरूको शैक्षिक स्तर न्यून देखिएकाले उनीहरूलाई शिक्षा आर्जन गर्न उत्साहित गर्ने र महिला शिक्षाको महत्त्व बुझाउने खालका कार्यक्रमहरू सञ्चालन गर्नुपर्दछ ।
- निरक्षर महिलाहरूको लागि अनौपचारिक शिक्षा कार्यक्रमका साथै चेलीबेटी कक्षा पनि सञ्चालन गरेमा उनीहरूलाई साक्षर बनाउन मद्दत मिल्नेछ ।
- छात्राहरूलाई छात्रवृत्तिको व्यवस्था, उच्च शिक्षाका लागि विभिन्न अवसरहरू प्रदान गर्नु, ऋण प्रदान गर्नु जस्ता कुराले बीचमै पढाइ छाड्ने प्रवृत्तिको अन्त्य भई पढाइमा निरन्तरता रही रहन सक्छ ।
- महिलाहरूको आर्थिक अवस्थालाई सुधार्ने खालका तथा व्यवहारिक ज्ञान सिकाउने र उनीहरूमा आत्मनिर्भर स्वाभिमानी र स्वालम्बी बनाउने खालको शिक्षा प्रणालीको व्यवस्था गर्नु उचित देखिन्छ ।

- महिलाहरूको आर्थिक अवस्था सुदृढ हुने किसिमको कार्यक्रमहरू सञ्चालन गरी स्थानीय महिलाहरूलाई तालिम र विभिन्न प्रशिक्षणमा सहभागी गराई जीवनस्तर उठाउन प्रोत्साहन गर्नुपर्दछ ।
- शिक्षाको स्तर वृद्धि गर्ने मुख्य औजार जनचेतना हो त्यसैले परिवार, समाज र राष्ट्र जिम्मेवारपूर्वक महिला शिक्षाको बारेमा सचेत हुनु जरुरी छ ।
- गरिबी, घरायसी कामकाजको व्यस्तता, विवाह जस्ता कुराले महिलालाई पढाइ छाड्न बाध्य बनाएको देखिन्छ । पारिवारिक आर्थिक स्थितिको सुदृढीकरणले बीचमै पढाइ छाड्ने प्रवृत्तिको अन्त्य हुने देखिन्छ ।
- सरकारले पनि राष्ट्रिय नीति निर्माणमा योजनाहरू बनाउँदा महिलाको शैक्षिक अवस्था सुदृढ गर्न सहयोग पुग्ने खालका बनाउनुपर्दछ । खासगरी सरकारी NGO/INGO हरूले महिलाको शैक्षिक स्तर सुधार गर्नका लागि विशेष पहल गर्नुपर्दछ ।

# REFERENCES


अधिकारी, जगन्नाथ (२०७३), *दमाइ जातिको सामाजिक तथा आर्थिक अवस्था,* अप्रकाशित स्नातकोत्तर शोधपत्र, सामाजिकशास्त्र संकाय, त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

अधिकारी, बालकृष्ण (२०७१), *नेपालमा प्राथमिक शिक्षा,* काठमाडौं : सनलाइट पब्लिकेसन ।

आचार्य, बलराम (२०६६), *लैङ्गिक अध्ययन,* काठमाडौं : नेसनल बुक सेन्टर ।

उपाध्याय जगत (२०६६), *शिक्षा आयोग प्रतिवेदन विशेषाङ्क वर्ष ३ अंक १ अनुसन्धानात्मक पत्रिका,* नेपाल प्रगतिशील प्राध्यापक संगठन केन्द्रीय समिति, बल्खु, काठमाडौं ।

बिरुवा गाउँपालिका प्रोफाइल, २०७४ ।

गुरुङ, हर्क (२००८), *बहिस्करणदेखि समावेशीकरणसम्म नेपालका लागि सामाजिक राजनीतिक एजेण्डा,* काठमाडौं : सामीजक समावेशीकरण अनुसन्धान कोष, एसएनभी, नेपाल ।

*नेपालको अन्तरिम संविधान* (२०६३), नेपाल सरकार ।

*नेपालको संविधान* (२०७२), नेपाल सरकार ।

बिरुवा गाउँपालिकाको पुस्तिका, २०७५ ।

युनेस्को *(२००६) सबैको लागि शिक्षा विश्वव्यापी अनुगमन प्रतिवेदन,* युनेस्को ललितपुर काठमाडौं ।

युनेस्को (२००९), *एसिया प्रशान्त क्षेत्रमा शिक्षामा लैङ्गिकता संजाल (जोनिया साधन सामग्री),* युनेस्को, काठमाडौं ।

राष्ट्रिय जनगणना, २०६८ ।

Adhikari, L. (2008). *Women's Perception on Gender Discrimination in Education social; Inclusion and Nation Building in Nepal,* Bakhundol. Lalitpur, Kathmandu.

Ahearn Lura M. (2004). *Invitation To Love: Literary, Love Letters and Social Change in Nepal.* New Delhi: Adarsh Books.

Bhasin, K. (2000). *Understanding Gender, (Kali for Women).*New Delhi.

CERID, (1994). *Status of female Education* in Nepal, A Study Report. (CERID, T.U).

CERID, (2003). *Determination of Educational Participation in Rural Nepal,* Kathmandu.

Colins, J. (2009). *Social reproduction in classrooms and school,* New York.

(DOE), (2000). *Department of Education, Basic and Primary Education ProgrammeII Annual Strategic Implementation Plan* (Sanothimi, Bhaktapur).

ESP, (2000). *Socio-cultural Change and Economic Empowerment of Women in Nepal.* Kathmandu : Author.

Luitel, S. (2008). *Gender studies, Academic Book centre*, (Kirtipur, Kathmandu).

Luitel, S.(2009).*Education and development VoI.*24 (Kathmandu:CERID, T.U).

MoH, (2008). *Nepal Demographic and Health survey,* 2006 Kathmandu.

MWCSW (2005).*Gender Assessment in the Education sector Kathmandu,* (UNDP).

Onta, P. (1996). *Ambivalence Denied: The making of Rastriya Itsha in Panchyat. Era text books.* Contribution of Nepalese studies.

UN, (1995). *Beijing Platform for Action* (New York) .

UNDP, (2004). *Nepal Human Development Report,* Jagadamba press (Kathmandu).

UNDP, (2008). *Nepal Human Development Report,* Jagadamba press (Kathmandu).

UNFPA, (2009). *Gender equality and Empowerment of women in Nepal.* UNFPA.

www.wikipedia.org

# परिशिष्ट १
# घरधुरी सर्वेक्षण
# उत्तरदाताको विवरण

नाम : पुरुष : महिला :

जाति : धर्म : शिक्षा :

वार्ड नं.: गाउँपालिका :

१. परिवारका सदस्यको विवरण

| सदस्यको नाम | उत्तरदाताको सम्बन्ध | लिङ्ग | उमेर | वैवाहिक स्थिति | पेशा | शिक्षा | बसोबासको अवस्था |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

२. तपाईको परिवारका सदस्यहरू दैनिक ज्याला वा मासिक तलबमा काम गर्नुहुन्छ ?

विवरण प्रस्तुत गर्नुभई सहयोग गरिनु होला ।

| क्र.सं. | नाम | लिङ्ग | आम्दानीको स्रोत | औसत मासिक आय | काम गर्ने ठाउँ |
|---|---|---|---|---|---|
| | | | | | |

३. तपाईको परिवारको मुख्य आयस्रोतको माध्यम के हो ?

क) कृषि ख) व्यापार ग) वैदेशिक रोजगारी

घ) नोकरी ङ) ज्यालादारी च) अन्य

४. तपाईको परिवारको सदस्य विदेश गएका छन् वा छैनन् ? यदि गएका छन् भने विवरण दिनुहोस् ।

| नाम | लिङ्ग | उमेर | गएको ठाउँ | वर्ष | देश |
|---|---|---|---|---|---|
| | | | | | |

५. तपाईको आफ्नो उत्पादनले तपाईलाई वर्षभरी खान पुग्छ ?

उत्तर : ......................................................................................

६. तपाईको परिवारमा कोही सदस्य शिक्षण पेशामा हुनुहुन्छ ?

उत्तर : .............................................................................

७. तपाईको परिवारको मासिक आम्दानी कति छ ?

उत्तर : .............................................................................

८. तपाईको परिवारको खर्च विवरण प्रतिशतमा

क) शिक्षा .......... ख) स्वास्थ्य .......... ग) खाद्यान्न .......... घ) अन्य ..........

९. तपाईको परिवारको स्वामित्वमा रहेको जमिन कति छ ?

क) धुर .......... ख) कट्ठा .......... ग) बिघा..........

१०.	तपाईको आफ्नो उत्पादनले तपाईलाई कति महिना खान पुग्छ ? पुग्दैन भने कसरी धान्नु हुन्छ ?

उत्तर : ...........................................................................................

११.	तपाईले पाल्नु भएको पशु पंक्षीको विवरण:

| नाम | संख्या | नाम | संख्या | जम्मा |
|---|---|---|---|---|
| | | | | |

१२.	तपाईको परिवार संख्या कति छ ?

उत्तर : ...........................................................................................

१३.	तपाईको परिवारमा कति उमेरका सदस्यहरू छन् ?

| उमेर समूह | पुरुष | महिला | विवाहित | अविवाहित | विधवा | विदुर | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

# परिशिष्ट २

## अन्तर्वार्ताको प्रश्नावली विवरण

१. तपाईको टोलमा कस्ता प्रकारका शैक्षिक संस्थाहरू छन् ?

उत्तर : ...............................................................................................

२. तपाईको बुवा लेखपढ गर्न सक्नुहुन्छ ?

क) सक्नु हुन्छ ख) सक्नु हुन्न

३. बुवाले पढ्नु भएको छ भने कति सम्म पढ्नु भएको छ ?

क) अनौपचारिक ख) प्राथमिक ग) नि.मा.वि. घ) अन्य

४. तपाईको आमाले लेखपढ गर्नुभएको छ ?

क) छ ख) छैन

५. आमाले पढ्नु भएको छ भने कतिसम्म पढ्नु भएको छ ?

क) अनौपचारिक ख) प्राथमिक ग) मा.वि. घ) अन्य

६. तपाईको पेसा के हो ?

क) कृषि ख) व्यापार ग) नोकरी घ) अन्य

७. तपाईले महिला शिक्षाका बारेमा सुन्नु भएको छ ?

क) छ ख) छैन

८. तपाईले कुन माध्यमबाट शिक्षा प्राप्त गर्नु भएको हो ?

क) औपचारिक ख) अनौपचारिक

९. अनौपचारिक शिक्षा कसरी प्राप्त गर्नु भयो ?

क) प्रौढ ख) परिवारका सदस्य ग) अन्य

१०. औपचारिक अन्तर्गत तपाईले कुन तहसम्म पढ्नु भएको छ ?

क) प्राथमिक ख) नि.मा.वि. ग) मा.वि. घ) अन्य

१४. तपाईले बीचमै स्कुल छाड्नु पऱ्यो कि परेन ?

क) पऱ्यो ख) परेन

१५. बीचमै स्कुल छाड्नु पऱ्यो भने के कारणले पऱ्यो ?

क) घरको कामले ख) विवाहका कारण

ग) फेल हुनाले घ) स्कुल टाढा भएर ङ) अन्य

१६. तपाईको परिवारमा निरक्षर महिला सदस्य छन् ?

क) छन् ख) छैनन्

१७. महिला सदस्य निरक्षर हुनाको कारण के होला ?

क) चेतनाको अभाव ख) आर्थिक समस्या

ग) घरको कार्य व्यस्तता घ) अन्य

१८. तपाईको परिवारमा महिला सदस्य स्कुल वा क्याम्पस जानु हुन्छ ?

क) हुन्छ ख) हुँदैन

१९. उनीहरूलाई स्कुल जान कसले प्रेरित गऱ्यो ?

क) आफ्नै चेतना ख) साथीहरूले ग) नातेदार घ) अन्य

२०. तपाई उनीहरूलाई अध्ययनमा सहयोग गर्नुहुन्छ ?

क) गर्छु ख) गर्दिन

२१. यदि गर्नुहुन्छ भने कसरी गर्नुहुन्छ ?

क) उत्साहित गरेर ख) आर्थिक सहयोग गरेर

ग) दैनिक निरीक्षण गरेर घ) अन्य

२२. यदि गर्नुहुन्छ भने किन गर्नुहुन्छ ?

क) आफू निरक्षर हुनाले ख) समय नभएर ग) अन्य

२३. तपाईले क्याम्पस पढ्नु हुन्न भने किन ?

क) आर्थिक अभावले ख) घरको कामले

ग) चेतनाको अभावले घ) अन्य

२४.  तपाईको विचारमा स्कुल क्याम्पस जानका फाइदाहरू के के हुन् ?

उत्तर : ..........................................................................................

२५.  तपाईको विचारमा महिला शिक्षा भनेको के हो ?

उत्तर : ..........................................................................................

२६.  महिलाको शैक्षिक स्थिति सुधार्न तपाईको सुझाव के छ ?

उत्तर : ..........................................................................................

## परिशिष्ट ३

## छनोटमा परेका उत्तरदाताहरूको नामावली

| क.सं. | नाम | ठेगाना | उमेर |
|---|---|---|---|
| १. | धनकुमारी थापा | बिरुवा गाउँपालिका-१, बिरुवा, स्याङ्जा | ६० |
| २. | गुनादेवी वाग्ले | बिरुवा गाउँपालिका-१, बिरुवा, स्याङ्जा | ५२ |
| ३. | सीता के.सी. | बिरुवा गाउँपालिका-१, बहाँचौर, स्याङ्जा | ५० |
| ४. | कुमारी गुरुङ | बिरुवा गाउँपालिका-१, बिरुवा, स्याङ्जा | २९ |
| ५. | पूर्णकला श्रेष्ठ | बिरुवा गाउँपालिका-१, तर्ले, स्याङ्जा | १७ |
| ६. | अन्जु सार्की | बिरुवा गाउँपालिका-१, गच्छिमा, स्याङ्जा | ४२ |
| ७. | मैया क्षेत्री | बिरुवा गाउँपालिका-१, बहाँचौर, स्याङ्जा | ५३ |
| ८. | धनिमाया थापा | बिरुवा गाउँपालिका-१, सङ्गम टोल, स्याङ्जा | ५८ |
| ९. | हरिमाया रिमाल | बिरुवा गाउँपालिका-१, बहाचौर, स्याङ्जा | ४१ |
| १०. | अनुस्का कुँवर | बिरुवा गाउँपालिका-१, बिरुवा, स्याङ्जा | ५७ |
| ११. | फूलमाया थापा | बिरुवा गाउँपालिका-१, बिरुवा, स्याङ्जा | ५१ |
| १२. | ईश्वरी भण्डारी | बिरुवा गाउँपालिका-१, च्याङ्नाश, स्याङ्जा | ४४ |
| १३. | मञ्जु भुजेल | बिरुवा गाउँपालिका-१, ललाङ पानधारा, स्याङ्जा | ३८ |
| १४. | गंगा कोइराला | बिरुवा गाउँपालिका-१, बहाचौर, स्याङ्जा | ४८ |
| १५. | मनिसा मगर | बिरुवा गाउँपालिका-१, बिरुवा, स्याङ्जा | ३७ |
| १६. | पार्वती कुँवर | बिरुवा गाउँपालिका-१, सङ्गमटोल, स्याङ्जा | २२ |
| १७. | सन्जु क्षेत्री | बिरुवा गाउँपालिका-१, च्याङ्नाश, स्याङ्जा | ३२ |
| १८. | तेजा कोइराला | बिरुवा गाउँपालिका-१, बहाँचौर, स्याङ्जा | ४५ |
| १९. | ठानु भुजेल | बिरुवा गाउँपालिका-१, गिजनबारी, स्याङ्जा | १५ |
| २०. | सुनीमाया नेपाली | बिरुवा गाउँपालिका-१, सङ्गमटोल, स्याङ्जा | ३१ |
| २१. | पन्ना थापा मगर | बिरुवा गाउँपालिका-१, गिजनबारी, स्याङ्जा | ३७ |
| २२. | जुना सार्की | बिरुवा गाउँपालिका-१, बिरुवा, स्याङ्जा | २६ |
| २३. | करिस्मा के.सी. | बिरुवा गाउँपालिका-१, बिरुवा, स्याङ्जा | २५ |
| २४. | सविता गुरुङ | बिरुवा गाउँपालिका-१, बिरुवा, स्याङ्जा | ५८ |
| २५. | छली वि.क. | बिरुवा गाउँपालिका-१, च्याङ्नाश, स्याङ्जा | ३० |
| २६. | विष्णु थापा | बिरुवा गाउँपालिका-१, बहाँचौर, स्याङ्जा | ५५ |
| २७. | सर्मीला खत्री | बिरुवा गाउँपालिका-१, बहाँचौर, स्याङ्जा | ३७ |

| | | | |
|---|---|---|---|
| २८. | ज्ञानु के.सी. | बिरुवा गाउँपालिका-१, बिरुवा, स्याङ्जा | २९ |
| २९. | संगीता कोइराला | बिरुवा गाउँपालिका-१, बहाँचौर, स्याङ्जा | १९ |
| ३०. | कला गुरुङ | बिरुवा गाउँपालिका-१, बहाँचौर, स्याङ्जा | ४९ |
| ३१. | सुस्मिता श्रेष्ठ | बिरुवा गाउँपालिका-१, ललाङ, स्याङ्जा | ४५ |
| ३२. | राधिका शर्मा | बिरुवा गाउँपालिका-१, ललाङ, स्याङ्जा | ४८ |
| ३३. | टोपली वाग्ले | बिरुवा गाउँपालिका-१, च्याङ्नाश, स्याङ्जा | ५९ |
| ३४. | निर्मला कोइराला | बिरुवा गाउँपालिका-१, बहाचौर, स्याङ्जा | २८ |
| ३५. | सुजता जि.सी. | बिरुवा गाउँपालिका-१, बहाचौर, स्याङ्जा | २० |
| ३६. | जानुका वाग्ले | बिरुवा गाउँपालिका-१, बहाचौर, स्याङ्जा | ४७ |
| ३७. | नाजनी खातुन | बिरुवा गाउँपालिका-१, विरुवा, स्याङ्जा | ५३ |
| ३८. | लक्ष्मी के.सी. | बिरुवा गाउँपालिका-१, विरुवा, स्याङ्जा | ४९ |
| ३९. | सलिना दर्लामी मगर | बिरुवा गाउँपालिका-१, च्याङ्नाश, स्याङ्जा | ४० |
| ४०. | देवी सार्की | बिरुवा गाउँपालिका-१, विरुवा, स्याङ्जा | ३५ |
| ४१. | तुलसी वाग्ले | बिरुवा गाउँपालिका-१, बहाचौर, स्याङ्जा | २२ |
| ४२. | राधा खत्री | बिरुवा गाउँपालिका-१, बहाचौर, स्याङ्जा | ४५ |
| ४३. | मुना के.सी. | बिरुवा गाउँपालिका-१, विरुवा, स्याङ्जा | ३६ |
| ४४. | सुशिला सार्की | बिरुवा गाउँपालिका-१, च्याङ्नाश, स्याङ्जा | ४४ |
| ४५. | शान्ति रायमाझी | बिरुवा गाउँपालिका-१, विरुवा, स्याङ्जा | २० |
| ४६. | चमेली सार्की | बिरुवा गाउँपालिका-१, बहाचौर, स्याङ्जा | ५२ |
| ४७. | शिला गुरुङ | बिरुवा गाउँपालिका-१, च्याङ्नास, स्याङ्जा | ६० |
| ४८. | रेजिना पोखरेल | बिरुवा गाउँपालिका-१, विरुवा, स्याङ्जा | ३० |
| ४९. | सोनी घर्ती | बिरुवा गाउँपालिका-१, च्याङ्नास, स्याङ्जा | ३० |
| ५०. | सुन्दरी नेपाली | बिरुवा गाउँपालिका-१, विरुवा, स्याङ्जा | ४९ |
| ५१. | सुनिता राना मगर | बिरुवा गाउँपालिका-१, गच्छिमा, स्याङ्जा | ४० |
| ५२. | दुर्गा पौडेल | बिरुवा गाउँपालिका-१, बहाचौर, स्याङ्जा | ३४ |
| ५३. | झरीमाया वि.क. | बिरुवा गाउँपालिका-१, सङ्गमटोल, स्याङ्जा | ३३ |
| ५४. | लक्ष्मी थापा | बिरुवा गाउँपालिका-१, सङ्गमटोल, स्याङ्जा | ४८ |

# परिशिष्ट ४

## छनोटमा परेका गाउँपालिका र सामग्री सङ्कलनका क्रममा लिइएका केही फोटोहरु




विरुवा गाउँपालिकाको कार्यालय, बिरुवा




बिरुवा गाउँपालिका वडा नं. १ को कार्यालय




बिरुवा वडा नं. १ को तस्बिर



बिरुवा वडा नं. १ को पर्यटकीय बहाँचौर गाउँको तस्बिर




बिरुवा गाउँपालिकाका उत्तरदाता र अन्य सदस्यहरुको तस्बिर



उत्तरदाता धनकुमारी थापासँगको अन्तर्वार्ता



उत्तरदाता पन्ना थापासँगको अन्तर्वार्ता



उत्तरदाता लक्ष्मी थापासँगको अन्तर्वार्ता



उत्तरदाता सुनिता रानासँगको अन्तर्वार्ता



उत्तरदाता तुलसी वाग्लेसँगको अन्तर्वार्ता



उत्तरदाता फूलमाया थापासँगको अन्तर्वार्ता